# नेपाल नागरिक उड्डयन प्राधिकरण, नागरिक उड्डयन नियमावली, २०५८

नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा ३४ ले दिएको अधिकार प्रयोग गरी नेपाल नागरिक उड्डयन प्राधिकरणले देहायको नियमहरु बनाएको छ।

**परिच्छेद - १**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "नेपाल नागरिक उड्डयन प्राधिकरण, नागरिक उड्डयन नियमावली, २०५८" रहेको छ।

(२) यो नियमावली नेपाल सरकारबाट [*]स्वीकृति प्राप्त भएको मितिबाट लागू हुनेछ।

(३) यो नियमाबलीलाई अंग्रेजीमा "सिभिल एभिएशन रेगुलेशन" र छोटकरीमा "सि.ए.आर." भनिनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो नियमावलीमा,

(क) "ऐन" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ सम्झनु पर्छ।

(ख) "टाईप प्रमाणपत्र" भन्नाले वायुयानको प्रकृति अनुसारको विशेष प्रकारको प्रमाणपत्रलाई सम्झनु पर्छ र सो शब्दले वायुयानको प्रकार एवं व्यक्तिले प्राप्त गरेको दक्षता समेतलाई जनाउँछ।

(ग) "महासन्धि" भन्नाले ७ डिसेम्बर १९४४ मा शिकागोमा हस्ताक्षरको लागि खुल्ला राखिएको अन्तर्राष्ट्रिय नागरिक उड्डयन सम्बन्धी महासन्धि सम्झनु पर्छ र सो शब्दले -

(१) सो महासन्धिको धारा ९४ (क) बमोजिम लागु भएको र दुबै पक्षले अनुमोदन गरेको त्यसको कुनै संशोधनहरु, र

(२) निर्धारित समयभित्र दुबै पक्षको लागि लागु भएको हदसम्म सो महासन्धिको धारा ९० बमोजिम पारित भएको कुनै एनेक्स वा त्यस्तो एनेक्समा भएको कुनै संशोधन समेतलाई जनाउँछ।

(घ) "एनेक्स" भन्नाले अन्तर्राष्ट्रिय नागरिक उड्डयन सम्बन्धी महासन्धिसँग आवद्ध भै सो संगठनद्वारा निधारित अन्तर्राष्टिय स्तर र अनुसंशित विधि (ईन्टरनेशन्ल स्टाण्डर्ड्स एण्ड रिकमेन्डेड प्राक्टिसेस) सम्झनु पर्छ।

---

[*] मिति २०५८।१२।८ मा स्वीकृत भएको।



नेपाल कानून आयोग

(ङ) "म्यानुअल" भन्नाले अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनबाट निर्धारित नियम, म्यानुअल तथा स्टाण्डर्ड्हरुको कार्यान्वयनको लागि प्राधिकरणले ऐन र यस नियमावलीको विपरित नहुने गरी नियम ८२ बमोजिम बनाभएको म्यानुअल, रिक्वायरमेण्टस तथा डाइरेक्टिभ्स समेतलाई सम्झनुपर्छ।

(च) "क्रु" भन्नाले ऐन तथा यस नियमावली बमोजिम ब्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र प्राप्त वायुयान चालक (पाइलट) वायुयान सह-चालक (को-पाइलट), फ्लाईट इन्जिनियर रेडियो अफसिर, फ्लाईट नेभिगेटर, एयर होस्टेस, केबिन एटेण्डेण्ट र पर्सरहरु सम्झनुपर्छ।

(छ) "ब्यक्तिगत ईजाजतपत्र (पर्सनेल लाइसेन्सीङ्ग), रेटिंग तथा प्रमाणपत्र" भन्नाले नियम ३३ बमोजिम प्रदान गरिने ब्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र सम्झनुपर्छ।

(ज) "आर्थिक वर्ष" भन्नाले प्रत्येक वर्षको श्रावण संक्रान्ति देखि अर्को वर्षको आषाढ मसान्तसम्मको अवधि सम्झनुपर्छ।

## परिच्छेद - २

## वायुसेवा संचालन सम्बन्धी व्यवस्था

३. **अनुमति तथा प्रमाणपत्र नलिई वायुयान सेवा संचालन गर्न नहुने** : ऐनको दफा ५ को खण्ड (क) बमोजिम अनुमति तथा प्रमाणपत्र नलिई कसैले पनि वायुसेवा सञ्चालन गर्नु हुँदैन।

४. **वायुसेवा संचालन अनुमति तथा प्रमाणपत्र** : (१) प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त वायुसेवा सञ्चालन संस्थाले वायुसेवा सञ्चालन अनुमति तथा प्रमाणपत्र लिन चाहेमा एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिमको ढांचामा आवश्यक विवरणहरु खुलाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा महानिर्देशकले त्यस्तो दरखास्त उपर आवश्यक जाँचबुझ गरी गैर सैनिक हवाई उडान सम्बन्धी प्रचलित कानून, यस नियमावली, एनेक्स तथा म्यानुअलमा उल्लिखित अन्य व्यवस्थाहरुको अधिनमा रही दरखास्तवालालाई एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढाँचामा वायुसेवा सञ्चालन अनुमति तथा प्रमाणपत्र दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम वायुसेवा सञ्चालन अनुमति तथा प्रमाणपत्र प्रदान गर्दा महानिर्देशकले वायुसेवा सञ्चालन सुरक्षित, नियमित, स्तरीय र प्रभावकारी रुपमा सञ्चालन गर्ने सम्बन्धमा आवश्यकतानुसारको शर्तहरु तोक्न सक्नेछ।



नेपाल कानून आयोग

(४) उपनियम (१), (२) र (३) बमोजिम वायुसेवा सञ्चालन अनुमति तथा प्रमाणपत्रको लागि दरखास्त दिने, वायुसेवा सञ्चालन अनुमति तथा प्रमाणपत्र दिने तथा वायुसेवा सञ्चालन अनुमति तथा प्रमाणपत्र दिंदा शर्त तोक्ने सम्बन्धी अन्य कार्यविधि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ।

५. **अनुमति तथा प्रमाणपत्रको अवधि र नवीकरण सम्बन्धी व्यवस्था** : (१) नियम ४ बमोजिम प्रदान गरिएको वायुसेवा सञ्चालन अनुमति तथा प्रमाणपत्रको अवधि नियम ६ बमोजिम अगावै रद्द गरिएको अवस्थामा बाहेक बढीमा एक आर्थिक वर्षको हुनेछ।

(२) उपनियम (१) बमोजिम अवधि समाप्त हुनु अवागै अनुमतिपत्र तथा प्रमाणपत्र नवीकरणको लागि अनुसूची-१ मा उल्लेख भए बमोजिमको नवीकरण शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम दिइने दरखास्तको ढाँचा र अनुमतिपत्र तथा प्रमाणपत्र नवीकरण सम्बन्धी अन्य कार्यविधि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ।

६. **वायुसेवा सञ्चालन प्रमाणपत्र तथा अनुमतिपत्र निलम्वन वा रद्द गर्ने** : (१) नियम ४ बमोजिम अनुमति तथा प्रमाणपत्र प्राप्त वायुसेवा सञ्चालन संस्थाले वायुसेवा सञ्चालन गर्दा गैर सैनिक हवाई उडान सम्बन्धी प्रचलित कानून, यस नियमावली, एनेक्स तथा म्यानुअलमा उल्लिखित व्यवस्था र वायुसेवा सञ्चालन अनुमति तथा प्रमाणपत्र प्रदान गर्दा उल्लेख भएका शर्तको पालना नगरेमा वा त्यस्तो व्यवस्था र शर्त विपरित कार्य गरेमा महानिर्देशकले त्यस्तो वायुसेवा संचालन संस्थालाई प्रदान गरिएको वायुसेवा सञ्चालन अनुमति तथा प्रमाणपत्र बढीमा ६ महिना सम्मको लागि निलम्वन वा वायुसेवा सञ्चालन अनुमति तथा प्रमाणपत्र रद्द गर्ने आदेश दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम कुनै वायुसेवा सञ्चालन संस्थाको वायुसेवा सञ्चालन अनुमति तथा प्रमाणपत्र निलम्वन वा रद्द गर्ने आदेश दिएकोमा त्यसको जानकारी इजाजत दिने र संस्था दर्ता गर्ने कार्यालयलाई पनि दिनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम वायुसेवा सञ्चालन अनुमति तथा प्रमाणपत्र निलम्वन वा रद्द गर्ने आदेश लिनु अघि त्यस्तो वायुसेवा सञ्चालन संस्थालाई आफ्नो सफाई पेश गर्न मुनासिब माफिकको मौका दिनु पर्नेछ।

नेपाल कानून आयोग

## परिच्छेद - ३

## वायुयानको दर्ता तथा राष्ट्रिय चिन्ह अंकित गर्ने सम्बन्धी व्यवस्था

७. **दर्ता नभएको वायुयान उडाउन नहुने** : कुनै पनि मुलुकमा दर्ता नभएको वायुयान नेपाल अधिराज्यको हवाई क्षेत्रमा उडान गर्न हुँदैन ।

८. **वायुयान दर्ता** : (१) नियम ४ बमोजिम वायुसेवा सञ्चालन गर्न अनुमति तथा प्रमाणपत्र प्राप्त वायुसेवा सञ्चालन संस्थाले खरीद गरी ल्याएको वा भाडामा ल्याएको वायुयान व्यापारिक प्रयोजनको लागि नेपाल अधिराज्यमा दर्ता गर्न चाहेमा एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिमको ढाँचामा आवश्यक विवरणहरु खुलाई अनुसूची- १ मा उल्लेख भएको शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) कुनै व्यक्ति वा संस्थाले व्यापारिक प्रयोजन बाहेक नीजि प्रयोजनको लागि वायुयान दर्ता गर्न चाहेमा सो व्यक्ति वा संस्थाले एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिमको ढाँचामा आवश्यक विवरण खुलाई अनुसूची-१ मा उल्लिखित शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम वायुयान दर्ताको लागि कसैको दरखास्त पर्न आएमा महानिर्देशकले त्यस्तो दरखास्त उपर आवश्यक जाँचबुझ गरी गैर सैनिक हवाई उडान सम्बन्धी प्रचलित कानून यस नियमावली, एनेक्स तथा म्यानुअलमा उल्लिखित व्यवस्था र सम्बन्धित वायुसेवा सञ्चालन संस्थालाई प्रदान गरिएको वायुसेवा सञ्चालन अनुमति तथा प्रमाणपत्रमा उल्लिखित शर्तहरुको अधिनमा रही वायुयान दर्ता गर्ने आदेश दिने पर्नेछ । जुन प्रयोजनको लागि वायुयान दर्ता भएको छ सोहि प्रयोजनको लागि मात्र प्रयोग गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम वायुयान दर्ता गर्ने निर्णय भएकोमा महानिर्देशकले एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिमको ढाँचामा खडा गरिएको वायुयान दर्ता कितावमा वायुयान दर्ता गरी दरखास्तवालालाई एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिमको ढाँचामा वायुयान दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम दर्ता भएको वायुयानलाई नेपाली वायुयान मानिनेछ ।

(६) वायुयानको स्वामित्व वायुयान धनीको हुनेछ ।

(७) यस नियममा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार र प्राधिकरणलाई बुझाउन पर्ने रकम नबुझाएसम्म कुनै पनि वायुयानको दर्ता गरिने छैन । साथै वायुसेवा



नेपाल कानून आयोग

सञ्चालन गर्न अनुमति तथा प्रमाणपत्र प्राप्त संस्थाले नेपाल सरकार र प्राधिकरणलाई बुझाउनु पर्ने रकम नबुझाएमा उक्त संस्थाको नयाँ वायुयान दर्ता गरिने छैन र दर्ता भै सकेका वायुयानको दर्ता खारेज गरिनेछ ।

९. **भाडा (लिज) मा वायुयान लिने वा दिने सम्बन्धी व्यवस्था** : (१) नियम ४ बमोजिम अनुमति तथा प्रमाणपत्र प्राप्त वायुसेवा संचालन संस्थाले वायुयान भाडामा लिनु वा दिनु पर्ने भएमा सोको अनुमति पाऊँ भनी एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिमको ढाँचामा आवश्यक विवरणहरु खुलाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त दिंदा वायुयान भाडामा लिने वा दिने सम्बन्धमा सम्झौताको प्रतिहरु समेत समावेश गर्नु पर्नेछ ।

(३) यस नियम बमोजिम वायुयान भाडामा लिएको वा दिएको वायुयानको संचालन परिवर्तन गर्नु परेमा अनुसूची-१ मा उल्लेख भए बमोजिमको शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(४) उपनियम (१) र (३) बमोजिम दरखास्त पर्न आएमा महानिर्देशकले आवश्यक जाँचबुझ गरी विमान भाडामा लिने वा दिने तथा भाडामा लिएको वायुयानको स्वामित्व तथा संचालक परिवर्तन गर्ने अनुमति दिनु पर्नेछ । यसरी अनुमति दिंदा सम्झौताका शर्तहरुमा परिवर्तनका साथै महानिर्देशकले अन्य आवश्यक शर्तहरु समेत तोक्न सक्नेछ ।

तर वायुयान भाडामा लिने वा दिने राष्ट्रको वायुयानको सञ्चालन तथा प्राविधिक जिम्मेवारी लिनु दिनु पर्ने भएमा सम्बन्धित राष्ट्रको नागरिक उड्डयन निकाय बीच आपसी समझदारी लिएर मात्र त्यस्तो अनुमति दिईनेछ ।

(५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकार र प्राधिकरणलाई बुझाउन बाँकी रहेको रकम बुझाएको प्रमाणित नभएसम्म त्यस्तो अनुमति दिइने छैन ।

(६) यस नियम बमोजिम भाडामा लिने दिने सम्बन्धमा भए गरेका अन्य काम कारवाही र सम्झौतामा थपघट एवं संशोधन भएमा तत्सम्बन्धी कागजातहरु समेत पेश गर्नुपर्नेछ ।

नेपाल कानून आयोग

१०. **वायुयान दर्ता नामसारी** : (१) नियम ८ बमोजिम कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता भएको वायुयान खरिद विक्री वा अन्य कुनै व्यहोराबाट अन्य कुनै व्यक्ति वा संस्थाको नाममा हस्तान्तरण गर्नु परेमा त्यस्तो वायुयानको दर्ता नामसारी गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम वायुयानको दर्ता नामसारी गर्न चाहने व्यक्ति वा संस्थाले एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिमको ढाँचामा आवश्यक विवरण खुलाई अनुसूची-१ मा उल्लेख भएको शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम दरखास्त दिंदा वायुयानको दर्ता नामसारी गर्न चाहने दुबै पक्षवीच भएको करार, मन्जूरीनामा वा अन्य त्यस्तै प्रकारको लिखत महानिर्देशक समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपनियम (२) बमोजिम वायुयान दर्ता नामसारीको लागि पर्न आएको दरखास्त उपर महानिर्देशकले आवश्यक जाँचबुझ गरी गैर सैनिक हवाई उडान सम्बन्धी प्रचलित कानून, यस नियमावली, एनेक्स तथा म्यानुअलमा उल्लिखित व्यवस्थाहरुको अधिनमा रही एक व्यक्ति वा संस्थाको नाममा रहेको त्यस्तो वायुयान अर्को व्यक्ति वा संस्थाको नाममा दर्ता नामसारी गर्ने आदेश दिन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम वायुयानको दर्ता नामसारी गर्ने निर्णय भएकोमा महानिर्देशकले नियम ८ को उपनियम (४) बमोजिम खडा गरिएको वायुयान दर्ता किताबमा साविकको वायुयानको धनी वा वायुसेवा सञ्चालन संस्थाको नाम हवाई नयाँ धनी वा वायुसेवा सञ्चालन संस्थाको नाम जनाउनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम वायुयान दर्ता किताबमा वायुयान धनी वा वायुसेवा सञ्चालन संस्थाको नाम जनाई सकेपछि त्यस्तो धनी वा वायुसेवा सञ्चालन संस्थाको नाममा एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिमको ढाँचामा वायुयान दर्ता प्रमाणपत्र जारी गर्नुपर्नेछ ।

(७) यस नियममा जुनसुकै कुरा लेखिएको तएतापनि कुनै संस्थाले नेपाल सरकार प्राधिकरणको बुझाउनु पर्ने रकम नबुझाएसम्म वायुयान दर्ता नामसारी गरिने छैन ।

११. **वायुयान दर्ता नगरिने** : यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायका कुनै वायुयानलाई यस नियमावली बमोजिम दर्ता गरिने छैन ।

(क) अन्य मुलूकमा दर्ता भैरहेको वायुयान,

(ख) शाही नेपाली सेना, नेपाल प्रहरी र भंसारको स्वामित्वमा रहेको वायुयान,


www.lawcommission.gov.np
नेपाल कानून आयोग

(ग) नेपाली टाइप प्रमाणपत्र वा टाईप एप्रोभल प्राप्त नगरेको वायुयानको हकमा सम्बन्धित वायुसेवा सञ्चालन संस्था तथा प्राधिकरणका जनशक्तिलाई प्रविधि हस्तान्तरण योजना नभएको ।

१२. **टाईप प्रमाणपत्र** : (१) नेपाल अधिराज्यमा दर्ता नभएको कुनै किसिमको वायुयानको टाईप प्रमाणपत्र लिन चाहने वायुयान धनी, संस्था वा वायुयान निर्माता आफैले एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढाँचामा आवश्यक विवरणहरु खुलाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त दिंदा त्यस्तो वायुयानको डिजाईन प्रमाणपत्र समेत संलग्न गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम पर्न आएको दरखास्त उपर महानिर्देशकले आवश्यक जाँचबुझ गरी गैर सैनिक हवाई उडान सम्बन्धी प्रचलित कानून, यस नियमावली, एनेक्स तथा म्यानुअलमा उल्लिखित व्यवस्थाहरुको अधिनमा रही एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढाँचामा दरखास्तवालालाई वायुयानको टाईप प्रमाणपत्र दिनेछ ।

(४) यो नियमावली प्रारम्भ हुनु अगावै आयात गरिएको कुनै वायुयानको टाईप प्रमाणपत्र नलिएको भए त्यस्तो वायुयान सञ्चालन गर्ने संस्थाले वायुयान सञ्चालन अनुमति तथा प्रमाणपत्र नवीकरण गर्दा यस नियम बोजिम टाईप प्रमाणपत्र लिनु पर्नेछ ।

(५) टाईप प्रमाणपत्र दिने सम्बन्धी अन्य कार्यविधि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

१३. **वायुयानको दर्ता खारेजी** : (१) नेपाल अधिराज्यमा कुनै व्यक्ति वा संस्थाको नाउँमा दर्ता भएको वा भाडामा ल्याई सञ्चालन गरिएको वायुयान चलाउन नसकिने गरी नासिएमा वा नेपाल अधिराज्यमा सञ्चालन नगर्ने गरी स्थायी रुपबाट कुनै किसिमबाट स्वदेश वाहिर पठाउने भएमा वा विक्री वितरण गरेमा त्यस्तो वायुयानको धनीले वा त्यस्तो वायुयान भाडामा ल्याई सञ्चालन गर्ने व्यक्ति वा संस्थाले सो वायुयान दर्ता खारेजीको लागि वायुयानको दर्ता प्रमाणपत्र समेत संलग्न राखी एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिमको ढाँचामा आवश्यक विवरणहरु खुलाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको दरखास्त परेपछि महानिर्देशकले आवश्यक जाँचबुझ गरी नेपाल सरकार तथा प्राधिकरणलाई बुझाउनु पर्ने वाँकी वक्यौता बुझाएको देखिएमा गैर



नेपाल कानून आयोग

सैनिक हवाई उडान सम्बन्धी प्रचलित कानून, यस नियमावली, एनेक्स तथा म्यानुअलमा उल्लिखित व्यवस्थाहरुको अधिनमा रही वायुयान दर्ता किताबबाट सो वायुयानको दर्ता खारेज गरी सम्बन्धित वायुयानको दर्ता प्रमाणपत्र समेत खारेज गरीदिनु पर्नेछ।

१४. **राष्ट्रिय चिन्ह अंकित नभएको वायुयान उडान तथा सञ्चालन गर्न नहुने** : वायुयान दर्ता भएको मुलुकको राष्ट्रिय चिन्ह अंकित नभएको कुनैपनि वायुयान नेपाल अधिराज्यको हवाई क्षेत्रमा उडान गर्नु गराउनु हुँदैन।

१५. **वायुयानको राष्ट्रिय चिन्ह** : (१) नेपाल अधिराज्यमा दर्ता भएको वायुयानको नेपाली राष्ट्रिय चिन्ह अंक र अक्षरमा 9N हुनेछ र राष्ट्रिय चिन्ह पछि एक सानो धर्को (-) तानी तीन रोमन अक्षर राखिने छ। पहिलो वायुयानको हकमा तीन रोमन अक्षरको रजिष्ट्रेशन चिन्ह 9N - AAA रहनेछ । एकभन्दा बढी त्यस्तो वायुयान भएमा रोमन अक्षर क्रमशः B,C,D गर्दै लगिनेछ।

तर, भि.भि.आई.पी. फ्लाईटको वायुयानमा राष्ट्रिय चिन्ह पछि एक धर्को (-) तानी त्यसपछि R भन्ने प्रष्ट एक रोमन अक्षर अन्तमा दुई अर्को रोमन अक्षर जस्तोकि 9N - RAA रहनेछ। एक भन्दा बढी त्यस्तो वायुयान भएमा 9N – R पछि क्रमश : B, C, D गर्दै लगिनेछ।

(२) उपनियम (१) बमोजिम वायुयानको राष्ट्रिय चिन्ह दिने अधिकार महानिर्देशकलाई हुनेछ।

(३) उपनियम (१) बमोजिम वायुयानको राष्ट्रिय चिन्ह अंकित गर्ने सम्बन्धी अन्य विवरण अनुसूची-२ मा निर्धारण गरिए बमोजिम हुनेछ।

## परिच्छेद - ४

## उडान योग्यता (एअर वर्दिनेश) सम्बन्धी व्यवस्था

१६. **उडान योग्यताको प्रमाणपत्र (सर्टिफिकेट अफ एअर वर्दिनेश)** : उडान योग्यताको प्रमाणपत्र (सर्टिफिकेट अफ एअर वर्दिनेश) प्राप्त नगरेको कुनै पनि वायुयान नेपाल अधिराज्यको हवाई क्षेत्रमा उडान गर्नु गराउनु हुँदैन।

१७. **उडान योग्यताको स्तर** : (१) नेपाल अधिराज्यमा लागू हुने हवाई उडान योग्यताको स्तर एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ।



नेपाल कानून आयोग

(२) उपनियम (१) बमोजिम स्तर उल्लेख नतोकिएसम्म अन्तर्राष्ट्रिय नागरिक उड्डयन संघको जुन सदस्य राष्ट्रको अख्तियारवालाले हवाई उडान योग्यताको प्रमाणपत्र दिएको छ सोही मुलुकमा लागू रहेको हवाई उडान योग्यताको स्तर नेपालमा लागू रहनेछ ।

१८. **उडान योग्यताको प्रमाणपत्र सम्बन्धी व्यवस्था** : (१) उडान योग्यताको प्रमाणपत्र दिने अधिकार महानिर्देशकलाई हुनेछ ।

(२) उडान योग्यताको प्रमाणपत्रको लागि दिईने दरखास्तको ढाँचा, उडान योग्यताको प्रमाणपत्रको ढाँचा र तत्सम्बन्धी अन्य कार्यविधि तथा विवरण एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

(३) उपनियम (२) बमोजिम दरखास्त दिंदा अनुसूची-१ बमोजिम हवाई उडान योग्यताको प्रमाणपत्र शुल्क बुझाउनु पर्नेछ ।

१९. **उडान योग्यताको प्रमाणपत्रको अवधि र नवीकरण सम्बन्धी व्यवस्था** : (१) यस नियमावली बमोजिम वायुयानको नियमित निरीक्षणको क्रममा कुनै वायुयान सुरक्षाको दृष्टिकोणले उडान गर्न नहुने गरी बिग्रिएको अवस्थामा फेला परेमा सोको मर्मतको लागि महानिर्देशकले अन्यथा आदेश दिएकोमा बाहेक यस नियमावली बमोजिम दिईएको उडान योग्यताको प्रमाणपत्रको अवधि बढीमा एक आर्थिक वर्षको हुनेछ ।

(२) उपनियम (१) बमोजिम अवधि समाप्त हुनु अगावै उडान योग्यताको प्रमाणपत्र नवीकरणको लागि अनुसूची-१ मा उल्लेख भए बमोजिमको नवीकरण शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम दिइने दरखास्तको ढाँचा र हवाई उडान योग्यताको प्रमाणपत्र नवीकरण सम्बन्धी अन्य कार्यविधि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

२०. **उडान योग्यताको प्रमाणपत्र खारेज वा निलम्वन** : (१) कुनै वायुयानको सम्बन्धमा प्रदान गरिएको उडान योग्यताको प्रमाणपत्रमा उल्लिखित शर्त, गैर सैनिक हवाई उडान सम्बन्धी प्रचलित कानून, यस नियमावली, एनेक्स तथा म्यानुअलमा उल्लिखित व्यवस्थाको विपरित वायुयान उडान गरेमा महानिर्देशकले त्यस्तो वायुयानको उडान योग्यताको प्रमाणपत्र खारेज गर्ने वा सोही आदेशमा उल्लेख भएको अवधिसम्मको लागि निलम्वन गर्ने आदेश दिन सक्नेछ ।





नेपाल कानून आयोग

(२) उपनियम (१) बमोजिम उडान योग्यताको प्रमाणपत्र खारेज वा निलम्वन गर्ने आदेश दिनु अघि सम्बन्धित संस्थालाई सफाई पेश गर्ने मनासिव माफिकको मौका दिनु पर्नेछ ।

२१. **वायुयान वाहिर पठाउँदाको उडान योग्यताको प्रमाणपत्र (एक्सपोर्ट सर्टिफिकेट अफ एअर वर्दिनेश)** : (१) नेपाल अधिराज्यमा कुनै व्यक्ति वा संस्थाको नाउँमा दर्ता भएको वा भाडामा ल्याई सञ्चालन गरिएको वायुयान चलाउन नसकिने गरी नासिएमा बाहेक नेपाल अधिराज्यमा उडान तथा सञ्चालन नगर्ने गरी स्थायी रुपबाट कुनै वायुयान स्वदेश वाहिर पठाउने भएमा वा नियम १३ बमोजिम वायुयानको दर्ता खारेज भएको अवस्थामा त्यस्तो वायुयानको धनीले वा त्यस्तो वायुयान भाडामा ल्याई सञ्चालन गर्ने व्यक्ति वा संस्थाले सो वायुयान बाहिर पठाउँदाको उडान योग्यताको प्रमाणपत्र (एक्सपोर्ट सर्टिफिकेट अफ एअर वर्दिनेश) को लागि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिमको ढाँचामा आवश्यक विवरणहरु खुलाई अनुसूची-१ मा उल्लेख भएको शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त परेपछि महानिर्देशकले आवश्यक जाँचबुझ गरी नेपाल सरकार र प्राधिकरणलाई बुझाउनु पर्ने रकम बुझाएको देखिएमा एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढाँचामा त्यस्तो वायुयानलाई बाहिर पठाउँदाको उडान योग्यताको प्रमाणपत्र (एक्सपोर्ट सर्टिफिकेट अफ एअर वर्दिनेश) दिइनेछ ।

(३) वायुयानलाई बाहिर पठाउँदाको उडान योग्यताको प्रमाणपत्र (एक्सपोर्ट सर्टिफिकेट अफ एअर वर्दिनेश) दिने सम्बन्धी अन्य कार्यविधि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद - ५

## वायुयानको मर्मत तथा संभार सम्बन्धी व्यवस्था

२२. **मर्मत, संभार नगरी वायुयानको उडान तथा सञ्चालन गर्न नहुने** : कुनै वायुयानको सम्बन्धमा नियम १८ बमोजिम प्रदान गरिएको हवाई उडान योग्यताको प्रमाणपत्रमा उल्लेख भए बमोजिम वायुयान तथा वायुयानको ईन्जिन तथा अन्य पार्टपुर्जाहरुको प्राधिकरणले तोकेको अवधिभित्र नियमित मर्मत तथा संभार नगरी त्यस्तो वायुयान उडान तथा सञ्चालन गर्न हुँदैन ।

नेपाल कानून आयोग

२३. **वायुयानको मर्मत तथा संभार** : (१) नियम २२ बमोजिम वायुयानको नियमित मर्मत तथा संभार गराउनु पर्ने अवस्थामा बाहेक सुरक्षाको दृष्टिकोणले कुनै वायुयानको आकष्मिक मर्मत तथा संभार गराउन वा त्यस्को कुनै पार्टपुर्जा फेर्न महानिर्देशकले आवश्यक देखेमा सम्बन्धित वायुयानको धनी, वायु सेवा सञ्चालक संस्था वा सम्बन्धित मर्मत तथा संभार ईन्जिनियरलाई आवश्यक आदेश दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम दिईएको आदेश बमोजिम वायुयानको मर्मत तथा संभार नगरी वा पार्टपूर्जा नफेरी त्यस्तो वायुयान उडान गर्नु हुँदैन।

(३) उपनियम (१) र (२) बमोजिम वायुयानको मर्मत तथा संभार गर्ने तरिका एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ।

२४. **अनुमति वा मान्यता प्राप्त संस्थाबाट मात्र मर्मत तथा संभार गर्नु पर्ने** : (१) नियम २२ वा २३ बमोजिम वायुयान तथा वायुयानको ईन्जिन तथा अन्य पार्टपुर्जाहरुको नियमित वा आकष्मिक रुपमा मर्मत तथा संभार गराउँदा नियम २८ को उपनियम (२) बमोजिम अनुमति प्राप्त वा नियम ४९ को उपनियम (२) बमोजिम मान्यता प्राप्त संस्थाबाट मात्र नेपाली वायुयानको इन्जिन तथा पार्टपूर्जाको मर्मत तथा संभार गराउनु पर्नेछ।

(२) वायुयानको नियमित ओभरहल मर्मत गर्ने र सो व्यहोरा प्रमाणित गराउने सम्बन्धी अन्य व्यवस्था एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ।

२५. **वायुयान मर्मत संभार अभिलेख** : नियम २२ र २३ बमोजिम वायुयानको नियमित तथा आकष्मिक मर्मत तथा संभार गरिएकोमा सम्बन्धित संस्थाले सो व्यहोरा एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढाँचामा अद्यावधिक रुपमा प्रमाणित गरिदिनु पर्नेछ।

२६. **नियमित निरीक्षण** : (१) कुनै पनि वायुयान उडान गर्नु अघि उक्त वायुयानको उडान तथा संचालनको निमित्त आवश्यक पर्ने सबै यन्त्र र सरसामानहरु ठीक अवस्थामा जडान भएका छन् भनी नियम ३२ को खण्ड (य) बमोजिम एअरक्राफ्ट मेन्टेनेन्स सर्टिफिकेट प्राप्त निरिक्षक वा नियम ४९ को उपनियम (२) बमोजिम मान्यता प्राप्त एअरक्राफ्ट मेन्टेनेन्स सर्टिफिकेट बाहक (निरीक्षक) ले निरीक्षण गरी प्रमाणित नगरेसम्म उक्त वायुयानको उडान गर्न हुँदैन।

(२) उपनियम (१) बमोजिम वायुयानको नियमित निरीक्षण सम्बन्धी अन्य व्यवस्था एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ।

२७. **लगबूक** : (१) नेपाल अधिराज्यमा दर्ता भएको प्रत्येक वायुयानले देहाय बमोजिम लग बूक अद्यावधिक रुपमा कायम राख्नु पर्नेछ :

नेपाल कानून आयोग

(क) यात्रा लगबूक,

(ख) वायुयान लगबूक,

(ग) एक ईन्जिन भएको वायुयानको हकमा एक ईन्जिन लगबूक र एक भन्दा बढी ईन्जिन भएको वायुयानमा प्रत्येक ईन्जिनको लागि छुट्टा छुट्टै ईन्जिन लगबूक,

(घ) एक पीच प्रोपेलर भएको वायुयानको हकमा एक पीच प्रोपेलर लगबूक र एक भन्दा बढी पीच प्रोपेलर भएको वायुयानमा प्रत्येक पीच प्रोपेलरको लागि छुट्टा छुट्टै पीच प्रोपेलर लगबूक,

(ङ) रेडियो पार्ट्स रहेको वायुयानको हकमा रेडियो पार्ट्स लगबूक।

(२) उपनियम (१) बमोजिमको लगबूकहरु जारी गर्ने अधिकार महानिर्देशकलाई हुनेछ।

(३) उपनियम (१) बमोजिमको लगबूक अद्यावधिक रुपमा राख्नु पर्ने सम्बन्धी अन्य कार्यविधि तथा विवरणहरु एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ।

२८. **वायुयान तथा वायुयानको पार्टपूर्जाको उत्पादन, मर्मत तथा परीक्षण संभार सहितको विस्तृत मर्मत (ओभरअल) गर्ने संस्था सम्बन्धी व्यवस्था** : (१) प्रचलित कानून बमोजिम इजाजत प्राप्त वायुयान तथा वायुयानको पार्टपूर्जाहरुको उत्पादन, मर्मत तथा परीक्षण सहितको विस्तृत मर्मत (ओभरअल) गर्न चाहने संस्थाले त्यस्तो कार्य गर्ने अनुमतिको लागि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिमको ढाँचामा आवश्यक विवरण खुलाई अनुसूची-१ मा उल्लिखित शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम कुनै संस्थाको दरखास्त पर्न आएमा महानिर्देशकले आवश्यक जाँचबुझ गरी दरखास्तवालालाई गैर सैनिक हवाई उडान सम्बन्धी प्रचलित कानून, यस नियमावली, एनेक्स तथा म्यानुअलमा उल्लिखित अन्य व्यवस्थको अधिनमा रही वायुयान तथा वायुयानको पार्टपूर्जाहरुको उत्पादन, मर्मत तथा परीक्षण सहितको विस्तृत मर्मत (ओभरअल) गर्न अनुमति दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम दिइएको अनुमतिको अवधि एक आर्थिक वर्षको हुनेछ र अवधि समाप्त हुनु अगावै अनुसूची-१ मा उल्लेख भए बमोजिम शुल्क तिरी नविकरणको लागि महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ।

नेपाल कानून आयोग

(४) उपनियम (३) बमोजिम दिइने दरखास्तको ढाँचा र अनुमति नवीकरण सम्बन्धी अन्य कार्यविधि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

२९. **वायुयान तथा वायुयानको पार्टपूर्जाको उत्पादन, मर्मत तथा परीक्षण संभार सहितको विस्तृत मर्मत (ओभरअल) गर्ने संस्थाको अनुमति स्थगित वा रद्द गर्ने** : (१) नियम २८ बमोजिम अनुमति प्राप्त संस्थाले गैर सैनिक हवाई उडान सम्बन्धी प्रचलित कानून यस नियमावली, एनेक्स तथा म्यानुअलमा उल्लिखित व्यवस्थाको पालना नगरेमा वा त्यस्तो व्यवस्था विपरित कार्य गरेमा महानिर्देशकले त्यस्तो अनुमति आदेशमा उल्लेख भएको अवधिसम्मको लागि निलम्वन वा खारेज गर्ने आदेश दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निलम्वन वा खारेजीको आदेश दिएकोमा सोको जानकारी प्रचलित कानून बमोजिम इजाजत दिने र संस्था दर्ता गर्ने कार्यालय समेतलाई दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम निलम्वन वा खारेज गर्नु अघि सम्बन्धित संस्थालाई सफाई पेश गर्ने मनासिव माफिकको मौका दिनु पर्नेछ ।

३०. **वायुयानको पार्टपूर्जा आयात, निर्यात, संचय तथा बिक्री वितरण गर्ने संस्था एजेन्ट सम्बन्धी व्यवस्था** : (१) प्रचलित कानून बमोजिम वायुयान र वायुयानको पार्टपूर्जा आयात, संचय तथा बिक्री वितरण गर्ने संस्था वा त्यस्तो संस्थाको एजेन्ट लिई व्यवसाय सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले त्यस्तो कार्य गर्ने अनुमतिको लागि महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त परेपछि महानिर्देशकले आवश्यक जाँचबुझ गरी दरखास्तवालालाई वायुयानको पार्टपूर्जा आयात, निर्यात, संचय तथा बिक्री वितरणको व्यवसाय सञ्चालन गर्न वा त्यस्तो संस्थाको एजेन्ट भई व्यवसाय सञ्चालन गर्न एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिमको ढाँचामा अनुसूची-१ मा उल्लिखित शुल्क लिई अनुमति दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम दिईएको अनुमतिको अवधि बढीमा एक आर्थिक वर्षको हुनेछ र अवधि समाप्त हुनु अगावै अनुसूची-१ मा उल्लेख भए बमोजिमको शुल्क तिरी नवीकरणको लागि महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

नेपाल कानून आयोग

(४) उपनियम (१) र (३) बमोजिम अनुमति एवं नवीकरणको लागि महानिर्देशक समक्ष दिने दरखास्तको ढाँचा तथा सो सम्बन्धी अन्य विवरण र कार्यविधि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ।

## परिच्छेद - ६

## व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र सम्बन्धी व्यवस्था

३१. **व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र प्राप्त नगरी काम गर्न नहुने** : नियम ३२ बमोजिम व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र प्राप्त नगरी वा नियम ५१ बमोजिम मान्यता प्राप्त व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र प्राप्त नगरी कसैले पनि हवाई क्षेत्रमा काम गर्न हुँदैन ।

३२. **व्यक्तिगत ईजाजतपत्र (पर्सनेल लाइसेन्सिङ्ग) रेटिंग तथा प्रमाणपत्र जारी गर्ने अधिकारी** : वायुयान सेवा सञ्चालन सम्बन्धमा आवश्यक पर्ने देहाय बमोजिम व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र दिने अधिकारी महानिर्देशकलाई हुनेछ :

(क) विद्यार्थी वायुयान चालक ईजाजतपत्र,

(ख) निजी (प्राईभेट) वायुयान चालक ईजाजतपत्र,

(ग) परीक्षण (सामयिक), अस्थायी वा प्रतिबन्धित वायुयान चालक ईजाजतपत्र,

(घ) व्यापारिक वायुयान चालक ईजाजतपत्र,

(ङ) वरिष्ठ व्यापारिक वायुयान चालक ईजाजतपत्र,

(च) एयरलाइन ट्रान्सपोर्ट वायुयान चालक ईजाजतपत्र,

(छ) ईन्स्ट्रुमेण्ट रेटिंग,

(ज) सहायक उडान ईन्स्ट्रक्टर रेटिंग,

(झ) उडान ईन्स्ट्रक्टर रेटिंग,

(ञ) ग्लाईडर चालक ईजाजतपत्र,

(ट) विद्यार्थी उडान सञ्चालन ईजाजतपत्र र वायुयान डिस्प्याचर ईजाजतपत्र,

(ठ) उडान सञ्चालन अधिकृत (फ्लाईट अपरेशन अफिसर वा एअरक्राफ्ट डिस्प्याचर ईजाजतपत्र,

(ड) विद्यार्थी उडान ईन्जिनीयर ईजाजतपत्र,

(ढ) उडान ईन्जिनीयर ईजाजतपत्र,

(ण) उडान रेडियो टेलिफोन सञ्चालक ईजाजतपत्र,



नेपाल कानून आयोग

(त) उडान रेडियो सञ्चालक ईजापतपत्र,

(थ) वायुयान रेडियो मोवाईल राख्ने ईजाजतपत्र,

(द) ग्राउण्ड रेडियो राख्ने ईजाजतपत्र,

(ध) रेडियो नेभिगेशन सञ्चालन ईजाजतपत्र,

(न) एयर ट्राफिक कन्ट्रोलर ईजाजतपत्र रेटिंग,

(प) एक भन्दा बढी किसिमको वायुयान रेटिंग,

(फ) हवाई उडान निरीक्षक प्रमाणपत्र,

(ब) चेक पाईलट परीक्षक प्रमाणपत्र,

(भ) ट्रेनिङ्ग पाईलट अधिकारपत्र,

(म) टेक्निकल अफिसर, रेडियो, इलेक्ट्रीकल तथा मेकानिकल ईन्जिनीयरिङ्ग, सञ्चार तथा उड्डयन सहाय सम्बन्धी ईजाजतपत्र,

(य) एयरक्राफ्ट मेन्टेनेन्स टेक्निसियन प्रमाणपत्र (ए.एम.टी.),

(र) एरोनटिकल स्टेशन अपरेटर र फ्लाईट सर्भिस अपरेटर ईजाजतपत्र र रेटिंग,

(ल) ग्राउण्ड रेडियो सञ्चालन प्रमाणपत्र ।

३३. **<u>व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र पाउनको लागि आवश्यक योग्यता</u>** : व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र पाउनको लागि देहाय बमोजिमको योग्यता पूरा गरेको हुनु पर्नेछ;

(क) एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिमको शैक्षिक योग्यता, उमेर र अन्य योग्यता प्राप्त गरेको,

(ख) नियम ३४ बमोजिम स्वास्थ्य योग्यता भएको,

(ग) नियम ३६ बमोजिम प्राधिकरणबाट लिईएको योग्यता सम्बन्धी परीक्षा उत्तीर्ण गरेको ।

३४. **<u>स्वास्थ्य सम्बन्धी योग्यता</u>** : प्राधिकरणद्वारा तोकिएको मेडिकल बोर्डबाट स्वास्थ्य परीक्षण हुँदा एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिमको स्तरको स्वास्थ्य प्रतिवेदन भएको व्यक्तिलाई मात्र व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र प्रदान गरिनेछ ।

३५. **<u>मेडिकल बोर्ड</u>** : (१) व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र प्रदान गर्नको लागि नियम ३४ मा उल्लेख भएको शारिरीक तथा स्वास्थ्य सम्बन्धी योग्यता जाँच गर्न तथा स्वास्थ्य योग्यता सम्बन्धी प्रमाणपत्र प्रदान गर्नको लागि प्राधिकरणले तोकेको व्यक्तिको अध्यक्षतामा



नेपाल कानून आयोग

योग्य चिकित्सकहरु रहेको एक मेडिकल बोर्ड गठन गरिनेछ । बोर्डमा आवश्यक संख्यामा विभिन्न विशेषज्ञहरु तथा सल्लाहकारहरु समावेश गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिमको मेडिकल बोर्ड अन्तर्गत रहने गरी महानिर्देशकले आवश्यकतानुसार एरोमेडिकल एक्जामिनर समूह गठन गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिमको मेडिकल बोर्डको सदस्य र उपनियम (२) बमोजिमको एरोमेडिकल एक्जामीनर हुनको लागि प्राधिकरणबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तिमा पोष्टग्रेजुएट उपाधि हासिल गरको हुनुपर्नेछ ।

(४) मेडिकल बोर्ड र एरोमेडिकल एक्जामिनर समूहको कार्यविधि मेडिकल बोर्डले बनाई लागू गर्न सक्नेछ ।

(५) मेडिकल बोर्डको सिफारिसमा महानिर्देशकले स्वास्थ्य परीक्षण शुल्क समय समयमा निर्धारण गर्न सक्नेछ ।

(६) मेडिकल बोर्ड तथा एरोमेडिकल एक्जामिनर समूह सम्बन्धी अन्य व्यवस्था एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

नेपाल कानून आयोग

३६. **परीक्षा र तत्सम्बन्धी कार्यविधि** : (१) प्राधिकरणले लिएको परीक्षा उत्तीर्ण नगरेको कुनै पनि व्यक्तिलाई व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र दिइने छैन ।

(२) उपनियम (१) बमोजिम लिइने परीक्षाको पाठ्यक्रम र पाठ्यांश भार निर्धारण गरी परीक्षा सञ्चालन गर्न प्राधिकरणले परीक्षा सञ्चालन समिति गठन गर्नेछ ।

(३) उपनियम (२) बमोजिम गठित परीक्षा सञ्चालन समितिको काम, कर्तब्य र अधिकार लगायत परीक्षा सञ्चालन सम्बन्धी व्यवस्था कार्यविधि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

(४) हवाई उडान सुरक्षाको परीक्षा निम्न लिखित मध्ये कुनै एक वा एकभन्दा बढी प्रक्रियाद्वारा लिन सकिनेछ ।

(क) लिखित,

(ख) मौखिक,

(ग) प्रयोगात्मक,

(घ) चेकराइड,

(ङ) सिमुलेशन,

(च) विविध ।

(५) उपनियम (१) बमोजिम लिइने परीक्षा शुल्क अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ । प्रत्येक विर्षयको परीक्षाको लागि छुट्टाछुट्टै परीक्षा शुल्क लाग्नेछ ।

३७. **ईजाजतपत्र, रेटिंग तथा अन्य प्रमाणपत्र र शुल्क** : (१) व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र पाउनको लागि महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ । त्यसरी दरखास्त दिंदा दरखास्तसाथ त्यस्तो ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र वापत अनुसूची-१ बमोजिमको शुल्क बुझाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दिईने दरखास्तको ढाँचा र ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र दिने सम्बन्धी अन्य कुराहरु एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

३८. **ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्रको अवधि** : नियम ३२ को देहायका खण्ड बमोजिम दिइएको देहाय बमोजिमका व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्रहरु नियम ४० बमोजिम अगावै खारेज भएमा बाहेक देहायको अवधिसम्म मान्य हुनेछ;

(क) खण्ड (क), (ख), (ञ), (ठ), (फ), (ब), (भ), (म), (य), (र) र (ल) बमोजिमको रेटिंग तथा प्रमाणपत्र दुई वर्ष,

(ख) खण्ड (ग) बमोजिमको सामयिक ईजाजतपत्रको चार महिना अस्थायी ईजाजतपत्रको एक महिना र प्रतिबन्धित ईजाजतपत्र सोही ईजाजतपत्रमा उल्लेख भएको अवधिसम्म,

(ग) खण्ड (घ), (ङ), (च), (ट), (ड), (ढ), (ण), (त), (थ), (द) र (ध) बमोजिमका ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र एक वर्ष, खण्ड (न) बमोजिमको रेटिंग एक वर्षसम्म र प्रमाणपत्र दुई वर्षसम्म,

तर चालीस वर्ष उमेर पुगेको व्यक्तिलाई खण्ड (घ) र (च) बमोजिमको ईजाजतपत्र केबल छ महिनाको लागि र खण्ड (न) बमोजिमको ईजाजतपत्रको म्याद म्यानुअल तथा एनेक्समा उल्लेख भए बमोजिम प्रदान गरिनेछ ।

(घ) खण्ड (छ), (ज), (झ) र (प) बमोजिम दिईएको रेटिंग अबधि उल्लेख भएकोमा बाहेक जुन ईजाजतपत्र सम्बन्धमा त्यस्तो रेटिंग प्रदान गरिएको हो सो ईजाजतको अवधिसम्म ।

३९. **व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्रको नवीकरण सम्बन्धी व्यवस्था** : (१) नियम ३८ बमोजिम उल्लेख भएको अवधि समाप्त भएका ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्रको नवीकरणको लागि महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त दिंदा त्यस्ता व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र नवीकरण वापत अनुसूची-१ बमोजिमको शुल्क समेत बुझाउनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम दिइने दरखास्तको ढाँचा र व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र नवीकरण सम्बन्धी अन्य कार्यविधि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ।

४०. **व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्रको स्थगित वा रद्द गर्ने सम्बन्धी व्यवस्था** : (१) व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र बाहकले गैर सैनिक हवाई उडान सम्बन्धी प्रचलित कानून, यस नियमावली, एनेक्स तथा म्यानुअलमा उल्लिखित व्यवस्थाको उल्लंघन गरेमा वा त्यस्तो व्यवस्था पिरित व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्रको प्रयोग गरेमा महानिर्देशकले त्यस्तो बाहकको व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र रद्द वा सोही आदेशमा उल्लेख भएको अवधिसम्मको लागि स्थगित गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र रद्द वा स्थगित गर्न आदेश दिनु अघि सम्बन्धित व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र बाहकलाई पेश गर्ने मनासिब माफिकको मौका दिनु पर्नेछ।

४१. **छुट दिन सक्ने** : यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सैनिक हवाई उडान दलको सदस्यता प्राप्त गरेको वा गैर सैनिक हवाई उडानमा सरकारी मान्यता प्राप्त उडान सम्बन्धी अनुभव वा प्राविधिक ज्ञान भएको वा महानिर्देशकले तोकेको कुनै विशेष परीक्षा सन्तोषजनक रुपबाट उत्तीर्ण भएको कुनै व्यक्तिको सम्बन्धमा महानिर्देशकले निजको प्राविधिक ज्ञान र क्षमताको समेत बिचार गरी हवाई सेवा सञ्चालन सम्बन्धी व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा अन्य प्रमाणपत्रको लागि चाहिने योग्यताहरुमध्ये केही योग्यताहरुमा छूट दिन सक्नेछ।

नेपाल कानून आयोग

## परिच्छेद् - ७

## हवाई उडान सम्बन्धी प्रशिक्षण संस्था

## वायुयान सिमुलेटर तथा विभिन्न नागरिक उड्डयन विषयगत

## ग्राउण्ड कक्षा सञ्चालन सम्बन्धी व्यवस्था

४२. **हवाई उडान सम्बन्धी प्रशिक्षण संस्था सञ्चालन गर्ने अनुमतिको लागि दरखास्त दिने** : (१) प्रचलित कानून बमोजिम ईजाजत प्राप्त हवाई उडान सम्बन्धी प्रशिक्षण संस्थाले हवाई उडान सम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने अनुमतिको लागि एनेक्स तथा म्यानुअलमा उल्लेख भएको भएको ढाँचामा आवश्यक विवरणहरु खुलाई महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त दिंदा हवाई उडान सम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने अनुमति वापत अनुसूची-१ बमोजिमको शुल्क बुझाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम दरखास्त परेपछि महानिर्देशकले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग अनुसार वा आवश्यक संशोधन गरी एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढाँचामा दरखास्तवालालाई हवाई उडान सम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने अनुमति दिन सक्नेछ ।

तर त्यस्ता संस्थाहरुले सञ्चालन गर्ने विर्षय वस्तु र क्रेडिट समय महानिर्देशक वा निजले तोकेको दक्षबाट ईजाजत प्राप्त गरेको हुनुपर्नेछ ।

(४) हवाई उडान सम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने अनुमतिको दरखास्त दिने र अनुमतिपत्र प्रदान गर्ने सम्बन्धी, अन्य कार्यविधि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

४३. **विभिन्न नागरिक उड्डयन विर्षयगत ग्राउण्ड कक्षा सञ्चालन संस्था सम्बन्धी व्यवस्था** : (१) नागरिक उड्डयन सम्बन्धी विभिन्न विर्षयको कक्षा सञ्चालन गर्न प्रचलित कानून बमोजिम इजाजत प्राप्त वायुसेवा तथा संघ संस्थाले त्यस्तो कक्षा सञ्चालन गर्ने अनुमति पाउँ भनी अनुसूची-१ मा उल्लेख भए बमोजिमको शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त दिन ग्राउण्ड कक्ष सम्बन्धी विर्षयवस्तु पाठ्यक्रम, पाठ्यांशभार तथा प्रशिक्षणमा संलग्न प्रशिक्षकहरुको योग्यता तथा तालीम म्यानुअल समेत स्वीकृतिको लागि पेश गर्नुपर्नेछ । समय समयमा पाठ्यक्रम तथा तालीम



नेपाल कानून आयोग

म्यानुअल परिवर्तन गर्नुपरेमा सोको लागि कक्षा सञ्चालन हुनु अगावै स्वीकृतिको लागि पेश गर्नुपर्नेछ ।

(३) उपनियम (१) बमोजिम अनुमति एवं उपनियम (२) बमोजिम स्वीकृतिको लागि पेश भएमा महानिर्देशकले आवश्यक जाँचबुझ गरी अनुमति एवं स्वीकृति दिन सक्नेछ ।

४४. **हवाई उडान सम्बन्धी प्रशिक्षण संस्था सञ्चालन गर्ने अनुमतिपत्र रद्द वा निलम्वन गर्ने** :(१) नियम ४२ र ४३ बमोजिम हवाई उडान सम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने अनुमतिपत्र प्राप्त हवाई उडान सञ्चालन गर्ने संस्थाले गैर सैनिक हवाई उडान सम्बन्धी प्रचलित कानून, यस नियमावली, एनेक्स तथा म्यानुअलमा उल्लिखित व्यवस्थाको पालना नगरेमा वा त्यस्तो व्यवस्था विपरित कार्य गरेमा महानिर्देशकले त्यस्तो हवाई उडान सम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने अनुमतिपत्र रद्द गर्न वा सोही आदेशमा उल्लेख भएको अवधिसम्मको लागि निलम्वन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम रद्द वा निलम्वन गर्ने आदेश दिएकोमा सोको जानकारी प्रचलित कानून बमोजिम त्यस्तो संस्था दर्ता गर्ने कार्यालयलाई पनि दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम रद्द वा निलम्वन गर्ने आदेश दिनु अघि सम्बन्धित हवाई उडान सम्बन्धी प्रशिक्षण सञ्चालन गर्ने संस्थालाई सफाई पेश गर्ने मनासिव माफिकको मौका दिनु पर्नेछ ।

४५. **वायुयान सिमुलेटर अनुमति** : (१) नियम ४२ बमोजिम अनुमतिपत्र प्राप्त हवाई उडान सम्बन्धी प्रशिक्षण संस्थाले फ्लाईट सिमुलेटर सञ्चालन गर्न चाहेमा एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिमको ढाँचामा आवश्यक विवरणहरु खुलाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त परेपछि महानिर्देशकले आवश्यक जाँचबुझ गरी एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढाँचामा त्यस्तो हवाई उडान सम्बन्धी प्रशिक्षण संस्थालाई वायुयान सिमुलेटर सञ्चालन गर्ने अनुमतिपत्र दिनेछ ।

(३) हवाई उडान सम्बन्धी प्रशिक्षण संस्थालाई वायुयान सिमुलेटर सञ्चालन गर्ने अनुमतिपत्र दिने सम्बन्धी अन्य कार्यविधि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

नेपाल कानून आयोग

(४) कुनै व्यक्ति वा संस्थाले उडान सम्बन्धी विदेशी प्रशिक्षण केन्द्र वा सिमुलेटरमा प्रशिक्षण लिन चाहेमा अनुसूची-१ मा उल्लेख भए बमोजिमको शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(५) उपनियम (४) अनुसारको दरखास्त परेपछि महानिर्देशकले त्यस्तो केन्द्र वा सिमुलेटरको सम्भव भएसम्म स्तरियता परीक्षण गरी अनुमति दिन सक्नेछ ।

## परिच्छेद - ८

## मान्यता दिने तथा मान्यता फिर्ता लिने सम्बन्धी व्यवस्था

४६. **टाईप प्रमाणपत्रको मान्यता** : (१) अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको सदस्य राष्ट्र वा त्यस्तो राष्ट्रबाट अख्तियार प्राप्त व्यक्ति वा संस्थाबाट कुनै वायुयानको सम्बन्धमा प्रदान गरिएको टाईप प्रमाणपत्रको मान्यता प्राप्त गर्न चाहने वायुयान निर्माता आफैले वा वायुसेवा सञ्चालन गर्ने संस्थाले एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढाँचामा आवश्यक विवरणहरु खुलाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त दिँदा त्यस्तो वायुयानको डिजायन प्रमाणपत्र समेत संलग्न गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम दरखास्त परेपछि महानिर्देशकले आवश्यक जाँचबुझ गरी एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढाँचामा त्यस्तो वायुयानको टाईप प्रमाणपत्रलाई मान्यता दिनेछ।

(४) उपनियम (३) बमोजिम दिईएको मान्यता सम्बन्धित टाईप प्रमाणपत्रको अभिन्न अंग हुनेछ।

(५) उपनियम (३) बमोजिम दिने सम्बन्धी अन्य कार्यविधि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

४७. **हवाई उडान योग्यताको प्रमाणपत्रको मान्यता** : (१) अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको सदस्य राष्ट्रको सदस्य राष्ट्र वा त्यस्तो राष्ट्रबाट अख्तियार प्राप्त व्यक्ति वा संगठनबाट हवाई उडान योग्यताको प्रमाणपत्र प्राप्त वायुयान नेपाल अधिराज्यमा उडाउन चाहेमा एनेक्स तथा म्यानुलमा उल्लेख भएको ढाँचामा आवश्यक विवरणहरु खुलाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिने पर्नेछ।

नेपाल कानून आयोग

(२) उपनियम (१) बमोजिम दरखास्त परेमा महानिर्देशकले आवश्यक जाँचबुझ गरी एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढाँचामा त्यस्तो प्रमाणपत्रलाई कुनै शर्त तोकी वा नतोकी मान्यता दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम दिइएको मान्यता सम्बन्धित हवाई उडान योग्यताको प्रमाणपत्रको अभिन्न अंग मानिनेछ।

(४) उपनियम (२) बमोजिम मान्यता दिने सबन्धी अन्य कार्यविधि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ।

४८. **हवाई उडान योग्यताको प्रमाणपत्रको मान्यता फिर्ता लिन सकिने** : (१) नियम ४७ बमोजिम मान्यता प्रदान गरिएको हवाई उडान योग्यताको प्रमाणपत्र प्राप्त वायुयानलाई त्यस्तो मान्यता प्रदान गर्दा उल्लेख भएको शर्त, गैर सैनिक हवाई उडान सम्बन्धी प्रचलित कानून, यस नियमावली, एनेक्स तथा म्यानुअलमा उल्लिखित शर्त विपरित उडान गरेमा महानिर्देशकले त्यस्तो वायुयानको सम्बन्धमा दिइएको हवाई उडान योग्यताको प्रमाणपत्रको मान्यता फिर्ता लिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम हवाई उडान योग्यताको प्रमाणपत्रमा मान्यता फिर्ता लिनु अघि सम्बन्धित वायुयान धनी वा सञ्चालकलाई सफाई पेश गर्ने मनासिव माफिकको मौका दिनु पर्नेछ।

४९. **वायुयान मर्मत तथा संभार संस्थाको मान्यता** : (१) अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको सदस्य राष्ट्र वा त्यस्तो राष्ट्रबाट अख्तियार प्राप्त व्यक्ति वा संस्थाबाट वायुयान मर्मत तथा संभार संस्था सम्बन्धी उद्योग व्यवसाय सञ्चालन गर्न प्रदान गरेको ईजाजतपत्र अनुसार स्थापना गरेको वायुयान मर्मत तथा संभार संस्थाले नेपाली वायुयान मर्मत संभार गर्ने भएमा त्यस्तो संस्थाले एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढाँचामा आवश्यक विवरणहरु खुलाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त परेमा महानिर्देशकले आवश्यक जाँचबुझ गरी एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढाँचामा त्यस्तो संस्थालाई कुनै शर्त तोकी नेपाली वायुयानको मर्मत तथा संभार र ओभरहल गर्न पाउने गरी मान्यता दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम मान्यता दिने सम्बन्धी अन्य कार्यविधि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ।




नेपाल कानून आयोग

५०. **वायुयान मर्मत तथा संभार संस्थाको मान्यता फिर्ता लिन सकिने** : (१) नियम ४९ बमोजिम मान्यता प्राप्त वायुयान मर्मत तथा संभार संस्थाबाट नेपाली वायुयानको मर्मत तथा संभार वा ओभरहल गर्दा गैर सैनिक हवाई उडान सम्बन्धी प्रचलित ऐन, यस नियमावली, एनेक्स तथा म्यानुअलमा उल्लिखित व्यवस्थाको पालना नगरेमा वा त्यस्तो व्यवस्था विपरित कुनै कार्य गरेमा महानिर्देशकले त्यस्तो वायुयान मर्मत तथा संभार संस्थाको मान्यता फिर्ता लिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम मान्यता फिर्ता लिनु अघि सम्बन्धित वायुयान मर्मत तथा संभार (एअर वर्क्स) संस्थालाई सफाई पेश गर्ने मनासिब माफिकको मौका दिनु पर्नेछ ।

५१. **व्यक्तिगत ईजाजतपत्र रेटिंग तथा प्रमाणपत्रको मान्यता** : (१) अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको सदस्य राष्ट्र वा त्यस्तो राष्ट्रबाट अख्तियार प्राप्त व्यक्ति वा संगठनबाट प्रदान गरिएको व्यक्तिगत ईजाजतपत्र, रेटिंग वा प्रमाणपत्र त्यस्तो व्यक्तिगत ईजाजतपत्र, रेटिंग वा प्रमाणपत्रमा उल्लेख भएको अवधिसम्मको लागि नेपाल अधिराज्यमा प्रयोग गर्न पाउँ भनि एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढाँचामा आवश्यक विवरणहरु खुलाई अनुसूची-१ मा उल्लेख भए बमोजिम शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त परेमा महानिर्देशकले आवश्यक जाँचबुझ गरी एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढाँचामा त्यस्तो प्रमाणपत्रलाई कुनै शर्त बंदेज तोकी वा नतोकी मान्यता दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम दिएको मान्यता सम्बन्धित व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमणपत्रको अभिन्न अंग मानिनेछ ।

(४) उपनियम (२) बमोजिम मान्यता दिने सम्बन्धी अन्य कार्यविधि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

५२. **व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्रको मान्यता फिर्ता लिन सकिने** : (१) नियम ५१ बमोजिम मान्यता दिइएका व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र बाहकले मान्यता दिंदा तोकेको शर्त तथा गैर सैनिक हवार्य उडान सम्बन्धी प्रचलित ऐन, यस नियमावली, एनेक्स तथा म्यानुअल विपरित हुने गरी व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्रको प्रयोग गरेमा महानिर्देशकले त्यस्तो व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्रको मान्यता फिर्ता लिन सक्नेछ ।



नेपाल कानून आयोग

(२) उपनियम (१) बमोजिम व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्रको मान्यता फिर्ता लिने आदेश दिनु अघि सम्बन्धित व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र बाहकलाई सफाई पेश गर्न मनासिब माफिकको मौका दिनु पर्नेछ ।

५३. **<u>वायुयान, वायुयानको पार्टपूर्जा आयात, संचय, ओभरहल तथा बिक्री वितरण गर्ने प्रमाणपत्रको मान्यता</u>** : (१) अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको सदस्य राष्ट्र वा त्यस्तो राष्ट्रबाट अख्तियार प्राप्त व्यक्ति वा संस्थाबाट वायुयानको पार्टपूर्जा आयात, संचय, ओभरहल तथा बिक्री वितरण गर्ने संस्था सम्बन्धी उद्योग व्यवसाय सञ्चालन गर्न प्रदान गरेको ईजाजतपत्र अनुसार स्थापना गरेको वायुयानको पार्टपूर्जा आयात, संचय, ओभरहल तथा बिक्री गर्ने संस्थाले एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढाँचामा आवश्यक विवरण खुलाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको शुल्क संलग्न गरी महानिर्देशक समक्ष दरखास्त दिने पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त परेमा महानिर्देशकले आवश्यक जाँचबुझ गरी एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिमको ढाँचामा त्यस्तो संस्थालाई शर्त तोकी वा नतोकी नेपाली वायुयानको आयात, संचय, ओभरहल तथा बिक्री वितरण गर्न पाउने गरी मान्यता दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम मान्यता दिने सम्बन्धी अन्य कार्यविधि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

५४. यस नियमावलीको नियम ४६, ४७, ४९, ५१ र ५३ अनुसार दिईने प्रमाणपत्रको मान्यता सम्बन्धी इजाजत शुल्क सो सम्बन्धी अनुमति वा प्रमाणपत्र दिंदा लाग्ने शुल्क सरह हुनेछ ।

नेपाल कानून आयोग

## परिच्छेद - ९

## <u>उडान, अवतरण, विमानस्थल प्रयोग र रुट सेक्टर अनुमति सम्बन्धी व्यवस्था</u>

५५. **<u>उडान अनुमति नलिई वायुयान उडान गर्न नहुने</u>** : नियम ५६ बमोजिम उडान अनुमति नलिई कसैले पनि नेपाल अधिराज्यको वायुक्षेत्रमा हवाई उडान सञ्चालन गर्नु गराउने हुँदैन ।

५६. **<u>उडान अनुमति लिनु पर्ने</u>** : (१) नेपाल अधिराज्यको हवाई उडान क्षेत्र भित्र कुनै वायुयान उडान गर्न वा कुनै विमानस्थलको धावनमार्ग तथा हेलिप्याडमा उडान तथा अवतरण गर्ने अनुमतिको लागि सम्बन्धित वायुयान धनी वा वायुसेवा सञ्चालन संस्थाले एनेक्स तथा म्यानुअलमा उल्लेख भएको ढाँचामा आवश्यक विवरणहरु खुलाई महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त परेपछि महानिर्देशकले अनुमति दिनु पर्ने वायुयानको प्राविधिक पक्ष, विमानस्थल र विमानस्थलको धावनमार्ग समेतलाई विचार गरी दरखास्तवालाको माग अनुसार वा आवश्यक शर्तहरु समेत तोकी उडान तथा अवतरण अनुमति दिन सक्नेछ ।

(३) उपनियम (२) को अधिनमा रही महानिर्देशकले देहाय बमोजिम उडान तथा अवतरण अनुमति प्रदान गर्न सक्नेछ:

(क) द्विपक्षीय तथा बहुपक्षीय हवाई सेवा सम्झौता भई सञ्चालन हुने नियमित (सेड्यूल्ड) अन्तर्राष्ट्रिय उडान,

(ख) अनिश्चित (नन् सेड्यूल्ड) र आन्तरिक तथा अन्तर्राष्ट्रिय चार्टर उडान,

(ग) आकष्मिक उडान (जस्तै उद्वार, एम्बुलेन्स आदि उडानहरु),

(घ) कुटनैतिक उडान,

(ङ) परीक्षण उडान,

(च) निजी उडान,

(छ) ग्लाईडर, हैंग ग्लाइडर, प्यारा ग्लाइडर, बेलून, माइकोलाईट तथा सेललेन उडान,

(ज) एरियल सर्भे तथा कृषि सम्बन्धी उडान,

(झ) सबै किसिमका आन्तरिक उडान ।

(४) उपनियम (३) को खण्ड (ग) अनुसारको उडान अनुमति आवश्यकतानुसार मौखिक रुपमा पनि माग्न र दिन सकिनेछ । यसरी दिइएको अनुमतिको अभिलेख राख्नुपर्नेछ ।

(५) उपनियम (३) को खण्ड (ख) र (छ) बमोजिमको उडान अनुमति शुल्क अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।

(६) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वायुसेवाहरुले नियमित उडानका लागि एनेक्स, म्यानुअल, तथा डिरेक्टिभ्स्मा उल्लेख भए बमोजिम आफ्नो उडान तालिका महानिर्देशक समक्ष पेश गर्नु पर्नेछ र महानिर्देशकबाट स्वीकृत भएपछि मात्र उडान सञ्चालन गर्नुपर्नेछ ।

(७) अन्तर्राष्ट्रिय चार्टर उडान सञ्चालनको लागि उडान अनुमति दिंदा महानिर्देशकले आवश्यक शर्तहरु तोकी दिन सक्नेछ ।



नेपाल कानून आयोग

५७. **विमानस्थल सञ्चालन तथा उडान अनुमति सम्बन्धी व्यवस्था** : (१) एनेक्स, म्यानुअल तथा डाइरेक्टिभ्स्मा उल्लेख भए बमोजिम विमानस्थल खुल्ला राखी हवाई अपरेशन सेवा उपलब्ध गरिनेछ ।

(२) एनेक्स, म्यानुअल तथा डाइरेक्टिभ्स्मा निर्दिष्ट गरिएको समय बाहिर विमानस्थल खुल्ला राखी हवाई अपरेशन सेवा चाहने सम्बन्धित वायुयान धनी वा वायुसेवा सञ्चालन संस्थाले आवश्यक विवरण खुलाई महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम दरखास्त परेपछि महानिर्देशकले वायुयानको प्राविधिक पक्ष, विमानस्थल र विमानस्थलको सुविधा समेतलाई विचार गरी आवश्यक शर्तहरु र प्रचलित कानूनमा उल्लेख भएको शुल्क वाहेक विमानस्थल प्रयोग गर्दा खर्च हुन आउने रकम (Cost recovery) समेत तोकी अपरेशन सेवा सञ्चालन अनुमति दिन सक्नेछ ।

(४) द्विपक्षीय तथा बहुपक्षीय हवाई सेवा सम्झौता भई सञ्चालन हुने नियमित सञ्चालन हुने स्वदेशी विमान सेवाहरुलाई रुट सेक्टर तथा फ्रिक्वन्सी प्राधिकरणबाट समय समयमा तोके बमोजिम हुनेछ ।

५८. **उडान अनुमति नदिइने** : देहाय बमोजिमका आवश्यकता पूरा नगरेका कुनै पनि वायुयानलाई नियम ५६ बमोजिम उडान अनुमति दिइने छैन;

(क) राष्ट्रिय रजिष्ट्रेशन चिन्ह अंकित नगरेका,

तर नियम ५६ को उपनियम (३) को खण्ड (छ) बमोजिमका उडानको हकमा महानिर्देशकले यो खण्ड बमोजिमको शर्त पूरा नगरेको भएतापनि उडान अनुमति दिन सक्नेछ ।

(ख) उडान योग्यताको प्रमाणपत्र नभएको,

(ग) व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र नभएका वा आवश्यक संख्यामा क्रु नभएको,

(घ) हवाई उडानको लागि अन्य आवश्यक कागजात नभएको ।

५९. **अनुमति दिएको उडान बाहेक अन्य उडान गर्न नहुने** : नियम ५६ बमोजिम जुन प्रकारको उडानको लागि अनुमति दिइएको छ सो बमोजिमको उडान नगरी अन्य कुनै पनि प्रकारको उडानगर्न गराउन हुँदैन ।

नेपाल कानून आयोग

६०. **<u>एक कामको लागि निर्मित वायुयान अर्को कामको लागि उडान गर्न नहुने</u>** : वायुयान निर्माताले जुन कामको प्रयोजनको लागि वायुयान निर्माण गरेको छ सोही कामको प्रयोजनको लागि बाहेक अन्य कामको प्रयोजनको लागि उपयोग गर्ने उद्देश्यले त्यस्तो वायुयान कसैले पनि उडान गर्न हुँदैन ।

६१. **<u>हवाई उडान तथा वायुयानसँग सम्बन्धित कागजातहरु साथमा राख्नु पर्ने</u>** : हवाई उडान तथा वायुयानसँग सम्बन्धित देहायका कागजातहरु साथमा नराखी कसैले पनि नेपाल अधिराज्यको हवाई क्षेत्रमा वायुयान उडान गर्नु हुँदैन;

(क) वायुयान दर्ता प्रमाणपत्र,

(ख) वायुयानको उडान योग्यताको प्रमाणपत्र,

(ग) यात्रा अभिलेख पुस्तिका (जर्नी लग बूक),

(घ) उडानमा रहने प्रत्येक क्रुको व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा अन्य प्रमाणपत्र,

(ङ) यात्रु बाहक वायुयान भएमा सो वायुयानमा यात्रा गर्ने प्रत्येक यात्रुहरुको नाम, राष्ट्रियता, अवतरण गर्ने स्थान र अन्तिम गन्तब्य स्थल,

(च) एनेक्स तथा म्यानुअलमा उल्लेख भएका अन्य कागजातहरु मध्ये प्राधिकरणले तोकेका कागजातहरु ।

६२. **<u>निषेधित क्षेत्रमा वायुयान उडान गर्न नहुने</u>** : <u>नेपाल सरकार</u> एवं प्राधिकरणले पूर्ण रुपमा वायुयान उडान गर्न मनाही गरेको क्षेत्र र तोकिदिएको अवस्थामा तथा समयमा मात्र उडान गर्न पाउने भनी तोकेको क्षेत्रमा त्यसरी तोकिदिएको अवस्थामा तथा समयमा बाहेक अन्य अवस्था तथा समयमा कसैले पनि वायुयान उडाउन हुँदैन ।

६३. **<u>तोकिदिएको स्थान बाहेक अन्य स्थानबाट वायुयान प्रवेश, प्रस्थान तथा उडान गर्न नहुने</u>** : नियम ५६ बमोजिम प्राप्त अनुमतिबाट तोकेको स्थान बाहेक अन्य कुनै पनि स्थानबाट वायुयान प्रवेश गर्न, प्रस्थान गर्न, उडान गर्न र ओह्राल्न हुँदैन ।

६४. **<u>तत्काल वायुयानको उडान रोक्न सकिने</u>** : <u>नेपाल सरकार</u> वा प्राधिकरणले कुनै क्षेत्र वा स्थानमा वायुयान उडान गर्न सुरक्षा एवं अन्य दृष्टिकोणबाट उपयुक्त छैन भन्ने ठानेमा त्यस्तो क्षेत्र वा स्थानबाट जुनसुकै वायुयानलाई प्रवेश गर्न, प्रस्थान गर्न, उडान गर्न वा ओह्राल्न रोक लगाउने गरी आदेश दिन सक्नेछ ।

नेपाल कानून आयोग

## परिच्छेद - १०

## हवाई उडान सुरक्षात्मक सञ्चालन सम्बन्धी व्यवस्था

६५. **वायुयान चालक (पाईलट इन कमाण्ड) सन्तुष्ट हुनुपर्ने** : देहाय बमोजिमको कुरामा वायुयान चालक (पाईलट इन कमाण्ड) सन्तुष्ट नभई वायुयानको उडान गर्न हुँदैन;

(क) वायुयानको कूल तौल प्रस्तावित उडानको लागि सुरक्षित छ,

(ख) वायुयानमा राखिएका समानहरु उडान सुरक्षित हुने गरी सन्तुलित र बचावटका साथ राखिएका छन्,

(ग) प्रस्तावित उडानको निमित्त आवश्यक र न्यूनतम जगेडा परिमाणमा ईन्धन उपलब्ध छ,

(घ) अन्य दृष्टिकोणबाट वायुयान उडानको लागि सुरक्षित छ ।

६६. **जीवनोद्धार सामग्रीको अभावमा वायुयान उडान गर्न नहुने** : आकष्मिक तथा संकटकालीन स्थितिमा यात्रुहरुको जीवनोद्धारको लागि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिमको जीवनोद्धार सामग्री तथा त्यस्तै अन्य प्रकारका उपकरणको अभावमा वायुयान उडान तथा सञ्चालन गर्न हुँदैन ।

६७. **अग्नी निवारण सामग्री तथा उपकरणको अभावमा वायुयान उडान गर्न नहुने** : यात्रु वायुयान, विमानस्थल तथा अन्य कुराहरुको सुरक्षाको लागि एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिमको अग्नी निवारण सामग्री तथा त्यस्तै अन्य प्रकारका उपकरणको अभावमा वायुयान उडान तथा सञ्चालन गर्न हुँदैन ।

६८. **प्रज्वलनशील तथा खतराजनक वस्तु तथा पदार्थ वायुयानबाट ओसार पसार गर्न नहुने** : नेपाल सरकार वा प्राधिकरणले तोकेको प्रज्वलनशील तथा खतराजन्य वस्तु तथा पदार्थ तोकेको परिमाण भन्दा बढी हुने गरी र तोकेको तरिका बाहेक अन्य तरिकाबाट त्यस्ता वस्तु तथा पदार्थ वायुयानबाट ओसार पसार गर्न हुँदैन ।

६९. **क्रुले मदिराजन्य पेय पदार्थ सेवन गर्न नहुने** : क्रुले उडान कार्यको क्षमतामा प्रतिकूल असर पर्ने गरी मदिराजन्य पेय पदार्थ सेवन गरी वायुयान उडान गर्न हुँदैन ।

नेपाल कानून आयोग

७०. **धुम्रपान गर्न नहुने** : वायुयान उडान सुरक्षाको दृष्टिकोणले प्राधिकरणले तोकेको अवस्था र समयमा बाहेक वायुयान उडानको अन्य समयमा क्रु तथा यात्रुहरुले धुम्रपान गर्न हुँदैन ।

७१. **अनाधिकृत स्थानमा यात्रु तथा मालसामान राख्न नहुने** : यात्रु तथा मालसामान राख्ने निश्चित स्थान बाहेक अन्य स्थानमा यात्रु तथा मालसामान राख्न हुँदैन ।

७२. **उडान समयमा वायुयानमा राख्न नहुने व्यक्ति** : महानिर्देशकले अन्यथा आदेश दिएकोमा बाहेक देहाय बमोजिमका व्यक्तिहरुलाई जानी जानी वायुयानमा राखी कसैले पनि वायुयान उडान गर्न हुँदैन;

(क) मानसिक स्थिति ठिक नभई होस ठेगानमा नभएको वा बहुलाएको,

(ख) प्रचलित कानून बमोजिम कैदको सजाय भोगीरहेको व्यक्ति,

(ग) गम्भिर प्रकृतिको फौज्दारी अभियोगमा पूर्पक्षको लागि थुनामा रहेको ब्यक्ति ।

७३. **जीव, जन्तु, चरा आदिलाई उडान समयमा वायुयानमा राख्न नहुने** : महानिर्देशकले अन्यथा आदेश दिएकोमा बाहेक उडान समयमा जीव, जन्तु, चरा आदिलाई वायुयानमा राख्न हुँदैन ।

## परिच्छेद - ११

## सञ्चार र विमानस्थल सुरक्षा सम्बन्धी व्यवस्था

७४. **प्राधिकरण बाहेक अरुले प्रकाश र संकेतको व्यवस्था गर्न नहुने** : (१) विमानस्थल, विमानस्थल क्षेत्र र वायुयान प्रस्थान गर्ने तथा ओह्राल्ने भनी उल्लेख भएको स्थानमा अन्य कसैले टहरा, टावर, लठ्ठा, रुख जस्ता कुनै कुरा खडा गरी वायुयान चालकलाई भ्रम पर्ने किसिमको कुनै प्रकारको प्रकाशको व्यवस्था गर्नु हुँदैन ।

(२) उपनियम (१) बमोजिम प्राधिकरणले प्रकाशको व्यवस्था गर्दा अपनाउनु पर्ने अन्य प्राविधिक शर्त बन्देज एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

७५. **वायुयान सञ्चार तथा उड्डयन सहाय उपकरणहरु जडान भएको हुनुपर्ने** : (१) नेपाल अधिराज्यमा दर्ता भएको प्रत्येक सार्वजनिक यात्रुबाहक वायुयानमा सूचनाहरु आदान प्रदान गर्न र उड्डयन सहायको लागि चाहिने रेडियो सञ्चार तथा उड्डयन सहाय उपकरणहरु जडान भएको हुनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम वायुयानमा सञ्चार तथा उड्डयन सहाय उपकरणहरु जडान सम्बन्धी अन्य प्राविधिक कुराहरु एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

नेपाल कानून आयोग

७६. **<u>अनुमति बिना विमानस्थल निषिद्ध क्षेत्रमा प्रवेश गर्न नहुने</u>** : (१) सम्बन्धित विमानस्थल प्रमुखले तोकेको निषिद्ध क्षेत्रमा अनुमति विना प्रवेश गर्न हुँदैन ।

(२) यात्रा तथा उडान सम्बन्धी वैध कागजात तथा हवाई टिकट बाहक यात्रुलाई निजले यात्रा गर्न तय भएको वायुयानसम्म पुग्नको लागि विमानस्थल कार्यालयले तोकेको मार्गबाट प्रवेश अनुमति दिन सकिनेछ ।

७७. **<u>बधशाला स्थापना गर्न नहुने</u>** : विमानस्थल क्षेत्रको तीन किलोमिटर वरपर कसैले पनि खुला रुपमा बधशाला स्थापना गर्नु हुँदैन ।

७८. **<u>वातावरण दूषित पार्न नहुने</u>** : (१) विमानस्थल क्षेत्र भित्र कसैले फोहोर मैला अव्यवस्थित रुपमा राख्न पाईने छैन ।

(२) जथाभावी फोहोर मैला गर्ने व्यक्ति वा संस्थालाई प्राधिकरणले समय समयमा निर्धारण गरे अनुसार दण्ड जरिवाना गर्न सक्नेछ ।

(३) विमानस्थलको वरिपरी कम्तिमा तीन किलोमिटरको क्षेत्रमा कसैले पनि वातावरणलाई दूषित पार्ने किसिमले खुला रुपमा फोहर मैला आदि अव्यवस्थित तवरले थुपार्न र फ्याँक्न हुँदैन ।

(४) सांस्कृतिक सम्पदा, वायुमण्डल तथा वातावरणमा पर्न सक्ने प्रदूषणको प्रभाव कम गर्न प्राधिकरणले निर्धारण गरेको प्रदूषणको सहन सीमा नाध्ने गरी कसैले पनि वायुयान उडान गर्न तथा सञ्चालन गर्न हुँदैन ।

(५) विमानस्थलमा दिगो वातावरण राख्नको लागि प्रति अवतरण र उडानमा प्राधिकरणले छुट्टै शुल्क समय समयमा निर्धारण गर्न सक्नेछ ।

नेपाल कानून आयोग

## परिच्छेद - १२

## <u>विविध</u>

७९. **<u>दुर्गम क्षेत्र हवाई सेवा कोषको स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था</u>** : (१) सडक यातायात नपुगेका दुर्गम क्षेत्रका <u>नेपाल सरकार</u>ले तोकिदिएको विमानस्थलमा <u>नेपाल सरकार</u>ले निर्धारण गरिदिएको कम मूल्यमा उडान गर्ने वायुयान उडान गर्दा कमी हुन आउने रकम मध्ये केही रकम अनुदान दिने प्रयोजनको लागि <u>नेपाल सरकार</u>ले दुर्गम क्षेत्र हवाई सेवा कोषको स्थापना गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कोष स्थापना भएमा आन्तरिक उडानको सेक्टरमा विदेशी पर्यटकसँग नेपाल सरकारले तोकिदिएको पर्यटक भाडा (डलर फियर) लिई उडान सञ्चालन गर्ने वायुसेवाले देहाय बमोजिमको रकम उक्त कोषमा जम्मा गर्नु पर्नेछ;

(क) पर्वतीय उडानको प्रति विदेशी पर्यटक यात्रु - अमेरिकी डलर चारका दरले,

(ख) अन्य सेक्टरको उडानको प्रति विदेशी पर्यटक यात्रु - अमेरिकी डलर दुईका दरले,

(ग) चार्टर गर्ने हेलिकप्टर लगायतका वायुयानले चार्टर पार्टीबाट प्राप्त गर्ने भाडा रकमको दुई प्रतिशतका दरले ।

(३) उपनियम (२) बमोजिमको रकम उडान भएको मितिले एक्काइस दिनभित्र जम्मा गरिसक्नु पर्नेछ । सो मितिदेखि थप तीस दिनसम्म जम्मा गर्ने वायुसेवालाई दश प्रतिशत जरिवाना लाग्नेछ र उक्त मिति भित्र जम्मा नगर्ने वायुसेवाको वायुसेव सञ्चालन अनुमति तथा प्रमाणपत्र निलम्वन गरिनेछ ।

(४) यस नियम बमोजिमको कोषको सञ्चालन नेपाल सरकारले तोकिदिएको कार्यविधि अन्तर्गत रही प्राधिकरणले गर्नेछ ।

८०. **आदेश तथा निर्देशन दिन सक्ने** : (१) गैर सैनिक हवाई उडान ऐन, प्राधिकरण ऐन तथा अन्य प्रचलित ऐन तथा यस नियमावलीको अधीनमा रही प्राधिकरणले एनेक्स तथा म्यानुअलको पालन गर्न गराउनको लागि सम्बन्धित निकाय, संस्था तथा व्यक्तिहरुलाई आवश्यक आदेश तथा निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम आदेश तथा निर्देशन दिंदा खास गरी देहायको विर्षयमा दिन सकिनेछ;

(क) वायुयानको दर्ता र चिन्ह सम्बन्धमा,

(ख) वायुयानको निरीक्षण र प्रमाणपत्र दिने सम्बन्धमा,

(ग) विमानस्थल तथा वायुयानमा जडान गरिने उपकरण तथा अन्य भौतिक चीज वस्तुको सम्बन्धमा,




नेपाल कानून आयोग

(घ) क्रु, वायुयान मर्मत तथा संभार र एअर ट्राफिक कन्ट्रोलर सम्बधी व्यक्तिगत ईजाजतपत्र बाहकलाई निजहरुबाट सम्पादन गरिने कामको सम्बन्धमा,

(ङ) भिजुयल र ईन्स्ट्रुमेण्ट उडान सञ्चालन सम्बन्धमा,

(च) एयर ट्राफिक कन्ट्रोल, उडान सूचना र सचेत सेवाको स्थापना र सञ्चालन सम्बन्धमा,

(छ) निर्धारित सुरक्षा व्यवस्था अपनाउनु पर्ने सम्बन्धमा,

(ज) वायुयान घटना तथा दुर्घटना सम्बन्धमा जानकारी दिने, प्राविधिक जाँचबुझ गर्ने र सो सम्बन्धी सूचना प्रवाह गर्ने सम्बन्धमा,

(झ) हवाई उडान सञ्चालनमा मौसम सम्बन्धी सूचना प्रवाह गर्ने सम्बन्धमा,

(ञ) एयर ट्राफिक कन्ट्रोलर र एयर नेभिगेसन सिष्टम सम्बन्धी सूचना दिने सम्बन्धमा,

(ट) एयर नेभिगेशनमा स्तरीय संचार उपकरण जडान गर्ने र त्यस्ता उपकरण सञ्चालन गर्ने प्रकृया निर्धारण गर्ने सम्बन्धमा,

(ठ) वायुयान उडान र सञ्चालनको लागि तत्सम्बन्धी सूचनाहरुको संकलन र प्रवाह गर्ने सम्बन्धमा,

(ड) हवाई सुरक्षा अभिवृद्धि सम्बन्धमा,

(ढ) दिगो तथा स्वच्छ वातावरण राख्ने सम्बन्धमा,

(ण) डम्पीङ साइट निर्माण गर्ने सम्बन्धमा,

(त) उडान सुरक्षा अभिवृद्धि गर्ने सम्बन्धमा,

(थ) विमानस्थल सुविधा अभिवृद्धि गर्ने सम्बन्धमा,

(द) वायुयानको घटना तथा दुर्घटनाको जाँचबुझका लागि वायुयान तथा पार्टपूर्जाहरुलाई सुरक्षित राख्ने सम्बन्धमा,

(ध) उडान सुरक्षा सम्बन्धी जाँच सेफ्टी अडिटको सिफारिस कार्यान्वयन गर्ने सम्बन्धमा,

(न) वायुयानको घटना तथा दुर्घटना जाँच प्रतिवेदनका सिफारिसहरु कार्यान्वयन गर्ने सम्बन्धमा ।

नेपाल कानून आयोग

(प) यस नियमावलीमा उल्लेख भएका अन्य विर्षयहरुका सम्बन्धमा ।

८१. **एनेक्स तथा म्यानुअल लागू गर्न सकिने** : प्राधिकरणले अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनद्वारा जारी भएका एनेक्स वा सोको कुनै खण्ड र म्यानुअल तथा डकुमेण्टस वा सोको कुनै खण्ड गैर सैनिक हवाई उडानलाई सुरक्षित, नियमित र व्यवस्थित तुल्याउने दृष्टिकोणले आवश्यकता तथा औचित्यताको आधारमा लागू गर्न सक्नेछ ।

८२. **म्यानुअल, रिक्वायरमेन्ट्स तथा डाइरेक्टिभ्स बनाउन सक्ने** : (१) वायुसेवा सञ्चालन सम्बन्धमा अन्तरर्राष्ट्रिय संस्थाहरुबाट निर्धारित नियम, एनेक्स, म्यानुअल तथा स्टायण्डर्डहरुको कार्यान्वयनको लागि प्राधिकरणले गैर सैनिक हवाई उडान सम्बन्धी प्रचलित कानून, ऐन र यस नियमावलीको विपरित नहुने गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यताहरुलाई समेत ध्यानमा राखी अनुसूची-३ र अन्य विभिन्न विर्षयमा म्यानुअल, रिक्वायरमेन्ट्स तथा डाईरेक्किटभ्स बनाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम बनेका न्यानुअल, रिक्वायरमेन्ट्स तथा डाईरेक्टिभ्समा रहेको व्यवस्था वायुसेवा सञ्चालनसँग सम्बद्ध सबै पक्षहरुलाई लागू हुनेछ ।

८३. **मान्यता दिन सकिने** : नियम ८२ बमोजिम म्यानुअल, रिक्वायरमेन्ट्स तथा डाईरेक्टिभ्समा नबनाएसम्म हवाई उडान तथा हवाई सेवा सञ्चालन सम्बन्धमा नेपाल सरकार वा अन्तर्राष्ट्रिय संस्थाहरुबाट निर्धारित नियम तथा स्टायण्डर्डहरुलाई प्राधिकरणले मान्यता दिई लागू गराउन सक्नेछ ।

८४. **निरीक्षण एवं कारबाही** : (१) यस नियमावली बमोजिम प्रदान गरिएको वा मान्यता दिएको कुनै पनि ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र प्राप्त व्यक्ति वा संस्थाले त्यस्तो ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्रमा उल्लिखित कार्य गर्दा ऐन, यस नियमावली, एनेक्स तथा म्यानुअलमा उल्लिखित व्यवस्था र नियम ८० बमोजिम दिईएको आदेश तथा निर्देशनको पालना गरे नगरेको प्राधिकरणको तर्फबाट अधिकार प्राप्त अधिकारीले निरीक्षण गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम अधिकार प्राप्त अधिकारीले निरीक्षण गरेकोमा तत्सम्बन्धी प्रतिवेदन महानिर्देशक समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम पेश गरेको प्रतिवेदनको आधारमा महानिर्देशकले सम्बन्धित ईजाजत, रेटिंग तथा प्रमाणपत्र बाहकलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशनको पालना गर्ने दायित्व सम्बन्धित ईजाजतपत्र, रेटिंग तथा प्रमाणत्र बाहकको हुनेछ ।



नेपाल कानून आयोग

(४) प्राधिकरणको तर्फबाट अधिकार प्राप्त अधिकारीले निरीक्षण गर्दा लाग्ने शुल्क वा खर्च सम्बन्धित संस्था वा व्यक्तिले ब्यहोर्नु पर्नेछ ।

(५) उपनियम (२) बमोजिम प्राप्त हुन आएको प्रतिवेदनको आधारमा महानिर्देशकले आवश्यक छानविन गरी गराई आवश्यक भएमा सम्बन्धित ईजाजतपत्र रेटिंग वा अन्य प्रमाणपत्र खारेज, स्थगित वा निलम्वन गर्न सक्नेछ र वायुसेवा कर्मचारीको हकमा कारवाहीका लागि सम्बन्धित वायुयान धनी वा सम्बन्धित वायुसेवा सञ्चालन संस्थाको संचालक कहाँ लेखी पठाउनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम लेखी आएको अवस्थामा त्यस्तो कर्मचारीलाई कारवाही गरी सजायको आदेश दिनु सम्बन्धित वायुयान धनी वा सम्बन्धित वायुसेवा संचालन संस्थाको कर्तब्य हुनेछ । सो बमोजिम गरिएको कारवाहीको जानकारी महानिर्देशकलाई दिनु पर्नेछ ।

८५. **<u>परामर्शदाता (कन्सलटेन्सी) तथा जनरल सेल्स एजेन्ट सेवा प्रदान गर्न अनुमति लिनुपर्ने</u>** : (१) प्रचलित कानून बमोजिम इजाजत प्राप्त संस्थाले हवाई उड्डयन सम्बन्धमा परामर्शदाता वा जनरल सेल्स सेवा सञ्चालन गर्न चाहेमा त्यस्तो सेवा सञ्चालन गर्नको लागि महानिर्देशक समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा महानिर्देशकले कुनै शर्त तोकी वा नतोकी त्यस्तो व्यक्ति वा संस्थालाई परामर्शदाता वा जनरल सेल्स एजेन्ट सेवा प्रदान गर्न अनुमति दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम दिईने अनुमति वापतको शुल्क अनुसूची- १ मा उल्लेख भए बमोजिम हुनेछ ।

(४) यो नियमावली जारी हुनु पूर्व सञ्चालनमा आएका संस्थाहरुले यो नियमावली लागू भएको ५ महिना भित्र अनुमति लिई सक्नु पर्नेछ ।

८६. **<u>प्रमाणपत्र नवीकरण र दरखास्त दस्तुर</u>** : (१) यस नियमावलीमा उल्लेख भएका ईजाजत, अनुमति वा प्रमाणपत्रको म्याद यस नियमावलीमा उल्लेख भएकोमा उल्लेख भए बमोजिमको अवधिसम्म र उल्लेख नभएकोमा प्रत्येक आर्थिक वर्षको असार मसान्तसम्म वहाल रहनेछ । प्रत्येक व्यक्ति वा संस्थाले ईजाजत, अनुमति वा प्रमाणपत्रको म्याद सकिने पन्ध्र दिन पूर्व नियम बमोजिमको शुल्क तिरी नवीकरण गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको म्यादभित्र नवीकरण नगराई निम्न समयभित्र नवीकरण गर्न आएमा निम्न बमोजिमको थप बिलम्ब शुल्क लाग्नेछ;

नेपाल कानून आयोग

(क) म्याद समाप्त भएको पैतिस दिन भित्र पच्चीस प्रतिशत,

(ख) म्याद समाप्त भएको नब्बेदिन भित्र पचास प्रतिशत,

(ग) म्याद समाप्त भएको एकसय असी दिन भित्र पचहत्तर प्रतिशत ।

(३) उपनियम (२) बमोजिमको म्याद भित्र पनि नवीकरण गराउन नआएमा त्यस्तो इजाजत, अनुमति वा प्रमाणपत्र स्वतः रद्द हुनेछ । ईजाजत, अनुमति वा प्रमाणपत्र पुनः लिन चाहेमा यस नियमावली बमोजिमको प्रक्रिया पूरा गर्नुपर्नेछ ।

८७. **अधिकार प्रत्यायोजन** : यस नियमावली बमोजिम महानिर्देशकलाई भएको अधिकारहरुमध्ये केही अधिकार महानिर्देशकले आफू मातहतका अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

८८. **अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने** : प्राधिकरणले आवश्यकतानुसार अनुसूचीमा आवश्यक हेरफेर वा थप घट गर्न सक्नेछ ।

८९. **बचाउ** : (१) गैर सैनिक हवाई उडान नियमावली, २०५२ बमोजिम प्रदान गरिएका सबै प्रकारका ईजाजतपत्र, रेटिंग तथा अन्य प्रमाणपत्रहरु यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक यसै नियमावली बमोजिम प्रदान गरिएको मानिनेछ । यस नियमावलीमा लेखिएको कुरा यसै नियमावली बमोजिम र नलेखिएको कुराको हकमा एनेक्स तथा म्यानुअलमा उल्लेख भए बमोजिम हुनेछ ।

(२) यी नियमावली प्रारम्भ हुनु पूर्व स्वीकृत भई लागू भएको एनेक्स तथा म्यानुअल यसै नियमावलीको अंश मानिनेछ ।

नेपाल कानून आयोग

## अनुसूची -१

(नियम ४(१), ५(२), ८(१) र (२), ९(१) र (३), १०(२), १२(१), १३(१), १८(३), १९(२), २१(१), २८(१) र (३), ३०(४) र (५), ३६(५), ३७(१), ३९(२), ४२(२), ४३(१), ४५(१) र (४), ४६(१), ४७(१),४९(१), ५१(१), ५३(१), ५४, ५६(५) र ८५(३) सँग सम्बन्धित ।

### शुल्क

१. **वायुसेवा सञ्चालन अनुमति तथा प्रमाणपत्र (AOC)**

| वायुयानको प्रकार | अनुमति तथा प्रमाणपत्र शुल्क | नवीकरण शुल्क |
|---|---|---|
| **(क) अन्तर्राष्ट्रिय उडान तर्फ** | | |
| पहिलो ५७०० के.जी सम्मको | यु.एस.डलर | यु.एस.डलर |
| (१) नियमित (सेड्युल्ड), अनिश्चित (नन् सेड्युल्ड) चार्टर तथा फ्रेटर प्रत्येकको | १२,५००।- | २,५००।- |
| (२) त्यसपछि प्रत्येक दश हजार के.जी. सम्मको थप दस्तुर | १,०००।- | ५००।- |
| **(ख) आन्तरिक (डोमेष्टिक) उडान** | | |
| पहिलो ७५०० के.जी. सम्मको | यु.एस.डलर | यु.एस.डलर |
| (१) नियमित (सेड्युल्ड), यात्रु, कार्गो, अनिश्चित (नन्सेड्युल्ड), चार्टर तथा फ्रेटर समेत | ५,०००।- | २,५००।- |
| (२) त्यसपछि प्रत्येक दश हजार के.जी. सम्मको थप दस्तुर | ५००।- | २५०।- |
| (३) जनरल एभियसन र एभियसन स्पोर्टस (ग्लाइडर, हैंग ग्लाइडर, प्याराग्लाइडर बेलुन, माइक्रोलाईट तथा सेलप्लेन आदि उडान) | १,२५०।- | २५०।- |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| (४) अन्य कृषि सर्भे आदि उडान | १,२५०।- | २५०।- |
| (ग) वायुयान Fleet थपको | | प्रमाणपत्र दस्तुरको आधा |

२. <u>वायुयान दर्ता शुल्क</u> :

| | |
|---|---|
| क) पहिलो ५,७०० के.जी. सम्मको उडान तौल भएको वायुयान तथा हेलिकोप्टरको लागि | <u>यु.एस.डलर</u> ३००।- |
| ख) त्यसपछिको प्रत्येक दशहजार के.जी. को लागि थप | १२५।- |
| ग) ग्लाईडर, हैंग ग्लाईडर, बेलून माईक्रोलाईट तथा सेल प्लेनको | १००।- |

३. <u>वायुयान नामसारी शुल्क</u> :

| | |
|---|---|
| क) पहिलो ५,७०० के.जी. सम्मको उडान तौल भएको वायुयान तथा हेलिकोप्टरको लागि यु.एस.डलर | दर्ता शुल्कको आधा |
| ख) त्यसपछिको प्रत्येक दशहजार के.जी. को लागि थप दस्तुर यु.एस.डलर | दर्ता शुल्कको आधा |
| ग) ग्लाईडर, हैंग ग्लाईडर, बेलून माईक्रोलाईट तथा सेल प्लेनको यु.एस.डलर | दर्ता शुल्कको आधा |

४. <u>टाईप प्रमाणपत्र मान्यता शुल्क</u> :

| | |
|---|---|
| क) ग्लाईडर, हैंगग्लाईडर, बेलून माईक्रोलाईट तथा सेल प्लेनको ५७०० के.जी. सम्मको | <u>यु.एस.डलर</u> ६२५।- |
| ख) ५७०० के.जी.देखि माथि अन्य वायुयानको टाईप प्रमाणपत्र शुल्क | <u>यु.एस.डलर</u> १,२५०।- |
| ग) खण्ड (ख) बमोजिमको टाईप प्रमाणपत्रको मान्यता शुल्क | १,२५०।- |

नेपाल कानून आयोग

घ) ग्लाईडर, हैंग ग्लाइडर, बेलून
माईक्रोलाईट तथा सेल प्लनेको लागि
टाईप प्रमाणपत्रको मान्यता शुल्क ६२५।-

५. क) भाडा (Lease) वायुयान लिने वा दिने
गरी सञ्चालन गरेमा १,२५०।-

ख) भाडामा लिएको वायुयानको स्वामित्व
वा सञ्चालन परिवर्तन गरेमा ३००।-

६. <u>वायुयान दर्ता खारेजी</u> :

| | | |
|---|---|---|
| | | <u>यु.एस.डलर</u> |
| क) | ५,७०० के.जी. भन्दा बढी उडान तौल भएको वायुयान तथा हेलीकोप्टरको लागि | ३००।- |
| ख) | ५,७०० के.जी. भन्दा कम उडान तौल भएको वायुयान तथा हेलीकोप्टरको लागि | १२५।- |
| ग) | ग्लाईडर, हैंग ग्लाईडर बेलून माइक्रोलाईट तथा सेल प्लेनको लागि | १००।- |

७. <u>उडान योग्यता (एअर वर्दिनेश) प्रमाणपत्र तथा नवीकरण शुल्क</u> :

| | <u>प्रमाणपत्र शुल्क</u> | <u>यु.एस.डलर</u> | <u>नवीकरण शुल्क</u> |
|---|---|---|---|
| क) | पहिलो५,७०० के.जी.सम्मको उडान तौल भएको वायुयान तथा हेलीकोप्टरको लागि | १,२५०।- | प्रमाणपत्रशुल्कको आधा |
| ख) | त्यसपछिको प्रत्येक दशहजार के.जी. को लागि थप | २५०।- | प्रमाणपत्रशुल्कको आधा |

नेपाल कानून आयोग

| | | | |
|---|---|---|---|
| ग) | ग्लाईडर, हैगं ग्लाईडर, बेलून, माईक्रोलाईट तथा सेल प्लेनको | १००।- | प्रमाणपत्र शुल्कको आधा |

८. **वायुयान रेडियो, मोवाईल वा अन्य प्रयाजनको ईजाजतपत्र तथा नवीकरण शुल्क** (**प्रति फ्रिकेन्वसी**) :

| | | प्रमाणपत्र शुल्क<br>यु.एस.डलर | नवीकरण शुल्क<br>यु.एस.डलर |
|---|---|---|---|
| क) | पहिलो ५,७०० के.जी. सम्मको उडान तौल भएको वायुयान तथा हेलीकोप्टरको लागि वा अन्य प्रयोजन | १५०।- | ७५।- |
| ख) | ५,७०० के.जी. भन्दा जतिसुकै बढी उडान तौल भएको वायुयान तथा हेलीकोप्टरको लागि वा अन्य प्रयोजन | ३२०।- | १६०।- |
| ग) | अन्य प्रयोजन | १००।- | ५०।- |

नेपाल कानून आयोग

९. **वायुयान वाहिर पठाउँदाको उडान योग्यताको प्रमाणपत्र (एक्सपोर्ट सर्टिफिकेट अफ एअर वर्दिनेश) शुल्क** :

| | | यु.एस.डलर |
|---|---|---|
| क) | पहिलो ५,७०० के.जी. सम्मको उडान तौल भएको वायुयान तथा हेलीकोप्टरको लागि | ६२५।- |
| ख) | त्यसपछिको प्रत्येक दशहजार के.जी.को लागि थप | १२५।- |
| ग) | ग्लाईडर, हैगं ग्लाईडर, बेलून, माईक्रोलाईट तथा सेल प्लेनको | ५०।- |

१०. **वायुयान मर्मत सम्भार संस्थाको अनुमति तथा नवीकरण शुल्क** :

| | यु.एस.डलर |
|---|---|
| वायुयान मर्मत सम्भार संस्थाको अनुमति शुल्क | १,२५०।- |
| ऐजनको प्रमाणपत्रको मान्यता | १,२५०।- |

११. **वायुयान, वायुयानको पार्टपूर्जा आयात सञ्चय तथा विक्री वितरण गर्ने अनुमति शुल्क**

| | यु.एस.डलर |
|---|---|
| वायुयानको पार्टपूर्जा आयात, सञ्चय तथा विक्री वितरण गर्ने अनुमति शुल्क | १,२५०।- |
| ऐ. को प्रमाणपत्रको मान्यता | १,२५०।- |

१२. **वायुयान, वायुयान सम्बन्धी पार्टपूर्जा आयात तथा निर्यात गर्ने विदेशी वा हवाई उड्डयन सम्बन्धी**

| | |
|---|---|
| कन्सल्टेन्सी सेवा सम्बन्धी अनुमति शुल्क | १,२५०।- |
| ऐजनको नवीकरण दस्तुर | ५००।- |

१३. **व्यक्तिगत ईजाजतपत्र, रेटिंग परीक्षा शुल्क** :

नेपाल कानून आयोग

देहाय बमोजिमका व्यक्तिगत ईजाजतपत्र, रेटिंगको परीक्षा शुल्क देहाय बमोजिम हुनेछ;

| | | यु.एस.डलर |
|---|---|---|
| क) | वायुयान चालक आधारभूत परीक्षा प्रत्येक विर्षयको | ७५।- |
| ख) | नियम ३३ अनुसारको वायुयान चालक परीक्षा (प्रत्येक प्राविधिक विर्षयको) | ५०।- |
| ग) | एअरकाफ्ट मेन्टेनेन्स टेक्नीशियन प्रमाणपत्र (ए.एम.टी) आधारभूत परीक्षाको (प्रत्येक प्राविधिक विर्षयको) | १५।- |
| घ) | एअरकाफ्ट मेन्टेनेन्स टेक्निशियन परीक्षा (ए.एम.टी.) प्रत्येक क्याटेगोरी, रेटिंग तथा वायुयानको कामको किसिम अनुसार प्रत्येक परीक्षाको | २५।- |
| (ङ) | खण्ड (क), (ख), (ग) र (घ) बमोजिम लिइने परीक्षा बाहेक अन्य प्रत्येक प्राविधिक परीक्षाको | १५।- |
| (च) | प्राधिकरणबाट लिइने प्राविधिक परीक्षाको आवेदन फाराम दस्तुर | ५।- |

१४. **व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र शुल्क** :

देहाय बमोजिमका व्यक्तिगत ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र शुशल्क र नवीकरण शुल्क देहाय बमोजिम हुनेछ :

| | | ईजाजतपत्र, रेटिंग तथा प्रमाणपत्र शुल्क | नवीकरण शुल्क |
|---|---|---|---|
| | | यु.एस.डलर | यु.एस.डलर |
| क) | विद्यार्थी वायुयान चालक ईजाजतपत्र | १५।- | ८।- |
| ख) | व्यक्तिगत वायुयान चालक ईजाजतपत्र | २५।- | १५।- |



नेपाल कानून आयोग

| | | | |
|---|---|---|---|
| ग) | परीक्षण (सामयिक), अस्थायी वा प्रतिबन्धित वायुयान चालक ईजाजतपत्र | २५।- | १५।- |
| घ) | व्यापारिक वायुयान चालक ईजाजतपत्र | ७०।- | ३५।- |
| ङ) | बरिष्ठ व्यापारिक वायुयान चालक ईजाजतपत्र | ७५।- | ४०।- |
| च) | एयरलाइन ट्रान्सपोर्ट वायुयान चालक ईजाजतपत्र | १००।- | ५०।- |
| छ) | ईन्ष्ट्रुमेण्ट रेटिंग | १५।- | ८।- |
| ज) | सहायक उडान ईन्ष्ट्रक्टर रेटिंग | १५।- | ८।- |
| झ) | उडान ईन्ष्ट्रक्टर रेटिंग | २५।- | १५।- |
| ञ) | ग्लाईडर चालक ईजाजतपत्र | १५।- | ८।- |
| ट) | विद्यार्थी उडान सञ्चालन ईजाजतपत्र र वायुयान डिस्प्याचर ईजाजतपत्र | १५।- | ८।- |
| ठ) | उडान संचालन अधिकृत (फ्लाईट अपरेशन अफिसर) वा एअरक्राफ्ट डिस्प्याचर प्रत्येक टाइपको ईजाजतपत्र | १५।- | ८।- |
| ड) | विद्यार्थी उडान ईन्जिनीयर ईजाजतपत्र | २५।- | १५।- |
| ढ) | उडान ईन्जिनीयर ईजाजतपत्र | ५०।- | २५।- |
| ण) | उडान रेडियो टेलिफोन सञ्चालक ईजाजतपत्र | २५।- | १५।- |
| त) | उडान रेडियो सञ्चालक ईजाजतपत्र | २५।- | १५।- |
| थ) | वायुयान रेडियो मोबाईल राख्ने इजाजतपत्र | २५।- | १५।- |
| द) | ग्राउण्ड रेडियो राख्ने ईजाजतपत्र प्रत्येक फ्रिक्वेन्सीको | २५।- | १५।- |

नेपाल कानून आयोग

| | | | |
|---|---|---|---|
| ध) | रेडियो नेभिगेशन सञ्चालन ईजाजतपत्र | २५।- | १५।- |
| न) | एयर ट्राफिक कन्ट्रोलर प्रत्येक ईजाजतपत्र/रेटिंग | १०।- | ५।- |
| प) | एक भन्दा बढी किसिमको वायुयान रेटिंग, प्रत्येक टाईप, रेटिंगको लागि | २५।- | १५।- |
| फ) | हवाई उडान निरीक्षक प्रमाणपत्र | १५।- | ८।- |
| ब) | चेक पाईलट परीक्षक प्रमाणपत्र | २५।- | १५।- |
| भ) | ट्रेनिङ पाईलट अधिकारपत्र | २५।- | १५।- |
| म) | टेक्निकल अफिसर, रेडियो, इलेक्ट्रीकल तथा मेकानिकल ईन्जिनीयरिंग सञ्चार तथा उड्डयन सहाय सम्बन्धी प्रत्येक ईजाजतपत्र | १०।- | ५।- |
| य) | एअरकाफ्ट मेन्टेनेन्स टेक्नीशियन प्रमाणपत्र (ए.एम.टी.) प्रत्येक क्याटेगोरी, रेटिंग तथा वायुयानको कामको किसिम अनुसार छुट्टा छुट्टै | २५।- | १५।- |
| र) | एरोनटिकल स्टेशन अपरेटर र फ्लाईट सर्भिस अपरेटर ईजाजतपत्र र रेटिंग | १०।- | ५।- |
| ल) | ग्राउण्ड रेडियो सञ्चालन प्रमाणपत्र | १०।- | ५।- |

नेपाल कानून आयोग

१५. **<u>हवाई उडान सम्बन्धी प्रशिक्षण संस्था विभिन्न नागरिक उड्डयन विषयगत ग्राउण्ड कक्षा सञ्चालन अनुमतिपत्र र नवीकरण शुल्क</u>** :

| | | यु.एस.डलर |
|---|---|---|
| क) | हवाई उडान सम्बन्धी प्रशिक्षण संस्था सञ्चालन अनुमतिपत्र शुल्क | २,५००।- |
| | हवाई उडान सम्बन्धी प्रशिक्षण संस्था सञ्चालन अनुमतिपत्र नवीकरण शुल्क | ५००।- |

ख) उड्डयन क्रियाकलापसँग सम्बद्ध कन्सल्टेन्सी

| | | | |
|---|---|---|---|
| | | तथा जनरल सेल्स एजेन्ट | २५०।- |
| | ग) | नागरिक उड्डयन ग्राउण्ड कक्षा सञ्चालन वायुसेवा संघ तथा संस्था अनुमतिपत्र शुल्क १,०००।- | |
| | घ) | विदेशी प्रशिक्षण केन्द्र वा फ्लाईङ स्कूलको मान्यता सिफारिस वा ईजाजतपत्र | १००।- |
| १६. | **वायुयान सिमुलेटर अनुमतिपत्र शुल्क** : | | |
| | क) | वायुयान सिमुलेटर सञ्चालन अनुमति पत्रको लागि | ६२५।- |
| | ख) | नवीकरणको लागि | ३००।- |
| | ग) | वायुयान सिमुलेटर प्रशिक्षण अनुमति वा मान्यता | ५००।- |
| १७. | | **उडान अनुमति शुल्क** : | यु.एस.डलर |
| | क) | जनरल एभियसन र एभियसन स्पोर्टस (ग्लाईडर, हैगं ग्लाईडर, बेलून, माइक्रोलाईट तथा सेल प्लने आदि) पहिलो पन्ध्र दिनको लागि उडान अनुमति शुल्क | ५०।- |
| | ख) | त्यसपछिको पछिको प्रत्येक थप पन्ध्र दिनको लागि | २५।- |

**द्रष्टब्य** : नेपाली रुपैयाँमा तिर्न पाउने वायुसेवाले अमेरिकी डलरमा उल्लिखित शुल्क सो उडान भएको दिनको नेपाल राष्ट्र बैंकबाट प्रकाशित मुद्रा विनिमयको बिक्री दर अनुसारको नेपाली रुपैयाँमा बुझाउन सक्नेछ।

नेपाल कानून आयोग

## अनुसूची - २

**(नियम १५ को उपनियम (३) सँग सम्बन्धित)**

**वायुयानमा राष्ट्रिय चिह अंकित गर्ने व्यवस्था**

१. वायुयानमा राष्ट्रिय र रजिष्ट्रेशन चिन्ह रंगाएर लेखिएको वा अरु कुनै किसिमले रंगाई स्थायी रुपले रहने गरी टाँगिएको हुनुपर्छ र ती चिन्हहरु सदैव सफा र स्पष्ट देखिने गरी राख्नु पर्छ ।

२. चिन्ह पखेटाको तल्लो सतहमा राख्नु पर्छ । यथासम्भव सो चिन्ह पखेटाको अघिल्लो र पछिल्लो भागबाट उत्तिकै टाढा पर्ने बीच भागमा राख्नु पर्छ । अक्षरको शिर पखेटाको अघिल्लो भाग तिर हुनुपर्छ ।

३. वायुयानको पखेटाहरु र पुच्छरको सतहको बीचको फ्यूजलाजको दुबैतर्फ वा पुच्छरको ठाडो (भर्टिकल) सतहको माथिल्लो आधा भागहरुमा देखिने गरी चिन्हरु राख्नुपर्छ । पुच्छरको ठाडो भागको सतहमा मात्र त्यस्तो चिन्ह राखिने भए ती चिन्हहरु दुबैतर्फ लेखिएको वा टाँगिएको हुनुपर्छ । मल्टि भर्टिकल पुच्छरको ठाडो भागमा राखिने भएमा सतहको बाहिरी भागमा लेखिनु पर्छ ।

४. अंक र अक्षरहरु छुट्टा छुट्टै चिन्ह समूहमा बराबर नापको हुनुपर्छ ।

५. पखेटामा रहेको चिन्हको लम्बाई तीस सेन्टिमिटर (बाह्र ईन्च) को हुनुपर्छ ।

६. फ्यूजलाजमा रहने चिन्हहरु फ्यूजलाजको बाहिरी घेरासम्म पुग्ने गरी राख्नु हुँदैन ।

७. ठाडो (भर्टिकल) पुच्छरको सतहमा रहने चिन्ह दुबै किनारादेखि कम से कम पाँच सेन्टिमिटर (दुई ईन्च) टाढा हुनुपर्छ ।

क्रमसंख्या ६ र ७ मा उल्लेख भएका चिन्हहरुको उचाई पन्ध्र सेन्टिमिटर (छ ईन्च) भन्दा बढी हुने छैन ।

८. अक्षरहरु रोमन लिपिमा बिना बुट्टाका ठूला अक्षरले र अंकहरु अरबी लिपिमा बिना बुट्टाका हुनुपर्छ ।

९. रोमन अक्षर (आई) र अरबी (अंक) एक बाहेक प्रत्येक अक्षरको चौडाई र धर्को (-) को लम्बाई सो अक्षरको उचाई दुईतिहाई हुनुपर्छ ।

१०. प्रत्येक अक्षर र धर्को (-) ठोस लाईनमा वायुयानको रंगसँग मेल नखाने रंगमा अंकित हुनु पर्दछ । ठोस लाईनहरुको मोटाई अक्षरको उचाईको छ खण्डको एक खण्ड हुनुपर्छ ।

नेपाल कानून आयोग

११. प्रत्येक अक्षर अघिल्लो वा पछिल्लो अक्षरबाट अक्षरको चौडाईको एक चौथाईको हिसावले छुट्टिएको हुनु पर्दछ। यो खण्डको तात्पर्यको लागि धर्को (-) पनि अक्षर सरह मानिनेछ।

१२. हवाई जहाज बाहेक अन्य किसिमका वायुयानहरु जस्तो हेलिकोप्टरको पार्टपूर्जाहरु हवाई जहाजको जस्तै नभएमा यस अनुसूचीमा उल्लेख भएका चिन्हहरु स्पष्ट देखिने गरी उपयुक्त स्थानमा राख्न सकिनेछ।

नेपाल कानून आयोग

**अनुसूची - ३**

**(नियम ८२ सँग सम्बन्धित)**

**म्यानुअल, रिक्वायरमेण्ट्स तथा डाइरेक्टिभ्स**

१. फ्लाईट अपरेसन्श म्यानुअल
२. एअर ट्राफिक कन्ट्रोल म्यानुअल तथा रिक्वायरमेण्ट्स
३. फ्लाईट सर्भिस म्यानुअल
४. कम्यूनिकेशन म्यानुअल
५. एरोनटिकल ईन्फर्मेशन पब्लिकेशन
६. अग्नीनिबारण तथा जीवनोद्धार म्यानुअल
७. खोज तथा उद्धार म्यानुअल
८. हवाई सेवा सञ्चालन प्रमाणपत्र रिक्वायरमेण्ट्स (AOCR)
९. ट्रेनिङ्ग म्यानुअल
१०. विमानस्थल (एअरपोर्ट) म्यानुअल
११. एअर वर्दिनेश म्यानुअल
१२. विमानस्थल संकटकालीन योजना (एअरपोर्ट ईमर्जेन्शी प्लानिंग) म्यानुअल
१३. एरोनटिकल ईन्फर्मेशन सर्भिसेज म्यानुअल
१४. एअर ट्रान्सपोर्ट म्यानुअल
१५. हवाई सुरक्षा म्यानुअल
१६. एअरवेज ईन्जिनीयरिंग म्यानुअल
१७. फ्लाईट अपरेशन्स रिक्वायरमेण्ट्स (FOR)
१८. नेपाली सिभिल एअर वर्दिनेश रिक्वायरमेण्ट्स (NCAR)
१९. फ्लाईट स्टेण्डर्ड डाइरेक्टिभ्स
२०. एअर वर्दिनेश डाइरेक्टिभ्स
२१. एरोनटिकल परिपत्रहरु (सर्कुलर)
२२. नोटाम (नोटिश टु एअर म्यान)
२३. प्राधिकरबाट सञ्चालन हुने (हवाई) उडान परीक्षण पद्धति निर्देशिका तथा कार्यविधि

नेपाल कानून आयोग

२४. चरा चुरुंगी नियन्त्रण तथा विमानस्थल वरपर दिगो स्वच्छ वातावरण सम्बन्धी म्यानुअल

२५. उडान सुरक्षा निरीक्षण सम्बन्धी म्यानुअल

२६. विमानस्थल/हेलिप्याड म्यानुअल

२७. समय समयमा महानिर्देशकले तोकेका म्यानुअल्स

**नोट** :- सुरक्षा बाहेक अन्य म्यानुअल, रिक्वारमेण्ट्स तथा डाइरेक्टिभ्सहरु महानिर्देशकले तोकेको मूल्य तिरी खरिद गर्न सकिनेछ।

नेपाल कानून आयोग